# आर्थिक वर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

## बारपाक सुलिकोट गाउँपालिका
## गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८१

बारपाक सुलिकोट गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भट्टद्वारा पन्ध्रौं गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम

# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

## बारपाक सुलिकोट गाउँपालिका
## गोरखा

गण्डकी प्रदेश, नेपाल

मिति २०८१ असार १० गते सोमबार ।

**गाउँपालिका उपाध्यक्षज्यू,**

**गाउँसभा सचिवज्यू,**

**वडाध्यक्षज्यूहरु,  कार्यपालिका सदस्यज्यूहरु,**

**गाउँसभा सदस्यज्यूहरु**

**विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्यूहरु,**

**सुरक्षाकर्मी, पत्रकार लगायत उपस्थित सबै व्यक्तित्वहरु।**

बारपाक सुलिकोट गाउँपालिकाको यो १५ औं गाउँ सभा तथा बजेट अधिवेशनमा सबैमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

अघिल्लो आर्थिक वर्षको अधुरा कार्यक्रम, विज्ञ र सरोकारवालाहरूले दिएको सुझाव, नि र्वाचित जनप्रतिनिधिहरूद्वारा मुखरित जनभावनालाई आत्मसाथ गर्दै गाउँपालिकाको नीतिगत मार्गनिर्देशन गर्ने काम यस सम्मानित सभाबाट हुने अपेक्षा गरेको छु।

यस विशेष घडीमा नेपालको इतिहासमा सञ्चालित १० वर्षीय जनयुद्ध, जनयुद्धको जगमा सञ्चालित १९ दिने जनआन्दोलन, नेपालका विभिन्न उत्पीडित जनसमुदायद्वारा सञ्चालित  लोकतान्त्रिक आन्दोलनहरुको क्रममा सहादत प्राप्त गरेका ज्ञात अज्ञात वीर सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानतामूलक तथा समावेशी संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गरेका सम्पूर्ण नेपाली जनसमुदायमा हार्दिक सम्मान व्यक्त गर्न चहान्छु ।

“समाजवादको आधार निर्माणमा हाम्रो प्रतिबद्धता, सुन्दर र समृद्ध बारपाक सुलिकोट तर्फ हाम्रो अग्रसरता” भन्ने नारालाई ख्याल गर्दै नेपाली जनताको विगत लामो समय देखिको संघर्षको क्रममा प्राप्त उपलब्धिको रक्षा, नेपालको संविधान २०७२ ले तयार पारेको समाजवादको आधार तयार गर्ने लक्ष्य अनुरुप नै गाउँपालिकाको समग्र ध्यान केन्द्रित हुने प्रतिबद्धता व्यक्त गर्दछु ।

स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने एक दरिलो खम्बाको रुपमा लिँदै सुशासन सामाजिक न्याय सहितको समृद्ध र समतामूलक पालिका निर्माण गर्न आफ्नो सम्पूर्ण स्रोत र जनशक्ति खर्च हुनेगरी नीति कार्यक्रम र बजेट तयार गर्ने तथा प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्दछु।

“नष्ट हुन तयार हुने तर भ्रष्ट नहुने” “मालिक होइन सेवक बन्ने” आदर्श प्रतिबद्धता हाम्रो कार्यसम्पादनको मेरुदण्ड हो । यस मूलमन्त्र लाई ख्याल राखेर समग्र गाउँपालिकाको कार्यसम्पादन अगाडि बढाउने, यस सवालमा आइपर्ने सबै चुनौती र अवरोधको डटेर सामना र प्रतिरोध गर्ने प्रतिबद्धता यस सम्मानित सभा समक्ष व्यक्त गर्न चहान्छु |

विशेषत यस वर्षको नीति कार्यक्रम र बजेट प्रस्तुतिको संदर्भमा सहयोग गर्नेहुने जनप्रतिनिधि ज्यूहरू, कर्मचारी मित्रहरू एवं सम्पूर्ण सरोकारवाला महानुभाव हरुलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

## वर्तमानको विशिष्ट राजनैतिक आर्थिक सामाजिक प्रशासनिक परिवेश

यतिबेला मुलुक संघीय संरचनामा अघि बढिरहेको छ तर पनि तीनवटै तहका सरकारहरू बीचको आवश्यक समन्वयको अभाव, राजनैतिक अस्थिरता आदिको कारण जनतामा थप निराशा फैलने खतरा बढिरहेको छ । कतिपय महत्वपूर्ण कानुनहरू बन्न नसक्दा अन्यौलता बढिरहेको छ । शिक्षा तथा कर्मचारी सम्बन्धी ऐन बन्न नसक्दा अप्ठ्याराहरु हट्न सकेका छैनन्। त्यसैले यस परिवेशमा स्थानीय जनसमुदायलाई निराश हुन नदिन यहाँ क्रियाशील सबै राजनैतिक दलहरुको अझ मजबुत एकता आवश्यकता छ |

युक्रेन--रूस युद्ध र इजरायल--प्यालेस्टाइन युद्धको कारण संसारभरि आर्थिक मन्दी, व्यापार घाटा, बेरोजगारी आदिको दर बढिरहेको छ। यसैबीच संघीय सरकारले स्थानीय सरकारलाई दिँदै आएको विभिन्न प्रकारको अनुदान रकममा भारी मात्रामा कटौती गरेको छ | तर पनि हामी आफ्नो तर्फबाट स्थानीय सरकारको रुपमा निर्वाह गर्नुपर्ने भूमिकाहरु पुरा गर्ने पूर्ण प्रतिबद्धता व्यक्त गर्दछौं |

कर्मचारीहरूको आवश्यक जनशक्तिको अभाव अर्को जटिल समस्या हो | यस सन्दर्भमा दक्ष र क्षमतावान कर्मचारीहरूको समयमा नै आपूर्तिको लागि प्रदेश लोकसेवा आयोग तथा सम्बन्धित निकायहरूमा माग गर्दछौं | यस वर्ष लामो समय मुख्य जिम्मेवारीमा रहनुभएका कार्यालयका जिम्मेवार कर्मचारीहरूको सरुवा र रिक्तताले पनि कार्य सम्पादनमा असर परेको छ भने आगामी वर्ष यस विषयमा ख्याल राखेर काम गर्ने पनि म प्रतिबद्धता जनाउन चाहन्छु।

गाउँसभा सदस्य ज्यूहरु,

अब म बारपाक सुलिकोट गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका **आधार, आधार क्षेत्र, उद्देश्य तथा प्राथमिकता** निम्न बमोजिम प्रस्तुत गर्दछुः

## (क) आधारहरु

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- संघीय सरकारको आवधिक योजनामा अवलम्बन गरिएको नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- संविधानमा व्यवस्था भएका एकल तथा साझा अधिकार सूचि, बारपाक सुलिकोट गाँउपालिकाको आवधिक योजनाले तय गरेका प्राथामिकताहरु
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा अन्य स्थानीय तह सञ्चालनसम्बन्धि ऐन, नियमावलीका प्रावधानहरु
- विकासका समसामयिक मुद्दाहरु, दीगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास
- बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धित विषयहरु
- हामी बाट निर्वाचनको समयमा जारी गरिएका प्रतिवद्धता पत्रहरु
- विगत आर्थिक वर्षहरुमा बारपाक सुलिकोट गाउँपालिकाले तयार पारेका नीति तथा कार्यक्रम र योजनाहरु
- कार्यक्रम तथा बजेट तर्जुमा समिति, राजश्व परामर्श समिति, अन्य विषयगत समिति लगायतका समितिबाट प्राप्त प्रतिवेदन तथा सुझावहरु
- बस्ती तथा वडास्तरबाट आएका सुझावहरु
- विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरुका सल्लाह तथा सुझावहरु ।

## (ख) उद्देश्यहरु

- ❖ जनताको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने।
- ❖ स्वरोजगारी सिर्जना र गरिवि न्यूनीकरण गर्ने।
- ❖ भौतिक एवं सामाजिक विकासको पूर्वाधार विकास गर्ने।
- ❖ आर्थिक सम्वृद्धि, सामाजिक-साँस्कृतिक रुपान्तरण सहितको मानवीय विकास गर्ने।
- ❖ व्यापक रोजगारी श्रृजना गर्ने, आफूसँग भएको साधनस्रोत र सीपको सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने।
- ❖ विकासका पूर्वाधारको गुणस्तरीयता कायम गर्ने।

- सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समद्धि र सामाजिक-साँस्कृतिक रुपान्तरण अभियान संचालन गर्ने।
- शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभुता, आवास, सामाजिक न्याय, सामाजिक सुव्यवस्था र दिगो विकास गर्दै समाजवादको आधार खडा गर्ने।
- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, जंगल, जडिबुटी उत्पादन जस्ता आर्थिक उपार्जनका क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक समूह, सहकारीलाई प्रोत्साहित गर्ने र भौतिक पूर्वाधार तथा उद्योगको स्थापना गर्दै मानव सूचकाङ्कको विकास गर्न योजनावद्ध र एकिकृत ढंगले अगाडि बढ्ने।
- ठूला पूर्वाधारका आयोजना निर्माण र स्तरोन्नति, स्थानीय प्राथमिकताका क्षेत्र र आयोजनामा विधि सम्मत र कानून सम्मत तरिकाले साझेदार निकायहरुलाई आमन्त्रण गर्ने।
- कृषि र वनमा आधारित साना तथा लघु उद्योगहरुको स्थापना र संचालनमा विशेष ध्यान दिने एवं विभिन्न उत्पादन र रोजगारमा विशेष ध्यान दिई परनिर्भरतालाई घटाउने।
- नेपालको संविधान २०७२ मा मौलिक अधिकारको रुपमा प्रत्याभूती गरिएका शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य सम्प्रभुता, आवास जस्ता विषयलाई कानून बनाई प्रभावकारी ढंगले लागु गर्ने,
- स्रोतसाधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै प्राप्त स्रोत साधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउने, शोषण रहित समाजको निर्माण गर्दै समाजवादी अर्थतन्त्रको आधार खडा गर्ने।
- स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैंगिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोककल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने।
- विकास निर्माणमा क्षेत्रीय सन्तुलन कायम गर्ने, पछाडि परेका क्षेत्र पहिचान गरी प्राथमिकतामा ल्याउने, गाँउपालिकाका गौरवका आयोजना छनौट गरी कार्यन्वयन गर्ने, विभिन्न कृषि पशुपालन पकेट क्षेत्रको ब्लक तथा पकेट क्षेत्रको स्तरोन्नति गर्ने, सूचना प्रविधिलाई थप सुदृढ गराउने, विपन्न परिवारलाई आयआर्जनका उपाय सुझाउने, स्वास्थ्य क्षेत्रको दिगो र प्रभावकारी व्यवस्थापन, विपद जोखिमको व्यवस्थापन गर्ने, आयुर्वेदको संरक्षण र विकास, श्रमको सम्मान गर्ने संस्कृतिको विकास, प्रविधिमैत्री शिक्षामा जोड, पारिवारिक र सामाजिक हिंसामा परेका व्यक्तिको पुनर्स्थापना र संरक्षण, स्थानीय पाठ्यक्रम निर्माण र पठनपाठन, अनुगमन मूल्याङ्कनलाई व्यवस्थित गर्ने।
- बजार, व्यापार व्यवसाय, औषधी पसल, दैनिक उपभोग्य उत्पादित वस्तुको विक्रि वितरणमा हुने कालो बजारी, कृत्रिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरी गलत कार्य गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने।
- सुशासन प्रवर्द्धन र संस्थागत क्षमता विकास गर्ने।

## (ग) प्रमुख आधार क्षेत्रहरु

१. सामाजिक विकास
२. पूर्वाधार विकास
३. आर्थिक विकास
४. वन, वातावरण तथा विपद् व्यवस्थापन
५. सुशासन तथा संस्थागत विकास

## (घ) प्राथमिकता

- स्वास्थ्य, शिक्षा, सीपमूलक तालिम, प्रविधि र युवा तथा खेलकुद।
- कृषि तथा पशुपालन र सिंचाई क्षेत्रको व्यापक रुपान्तरण र स्वरोजगारी सिर्जना गर्ने।
- खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई लाई व्यवस्थित गर्ने।
- पूर्वाधार विकास।
- लगानीमैत्री वातावरण।
- सुशासन, मानव संशाधन विकास र लक्षितवर्गको सशक्तीकरण।
- कला, सँस्कृति र ऐतिहासिक पक्षको संरक्षण।
- खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई नवप्रवर्तन सँग सामन्जस्यता गर्ने।
- लैंगिक समानता, सामाजिक न्याय, समता तथा सामाजिक सुरक्षा कायम गर्ने।
- भूमिहिन र सुकुम्बासीलाई व्यवस्थित गर्ने।
- वन, वातावरण तथा विपद् व्यवस्थापन।
- पर्यटन, रोजगारी प्रबर्द्धन र गरिबी न्यूनीकरण।
- योजना, अनुगमन तथा मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन।
- दिगो विकास।
- अन्य विविध क्षेत्र।

## चालु आर्थिक वर्ष ०८०/८१ को समीक्षा

१. चालु आ.व.मा संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा सडक स्तरोन्नतीको कामलाई तीव्रता दिईएको छ । प्रदेश सरकारको सहयोगमा घ्याम्मपेसाल-देउराली-पाल्खु सडक खण्डको ८ किलोमिटर सडक कालोपत्रेको अन्तिम चरणमा पुगेको छ । प्रदेश सरकारकै सहयोगमा बारपाक सडकको स्तरोन्नती भइरहेको छ भने संघीय सरकारको सहयोगमा पाल्खु-हुँडीफाँट सडक कालोपत्रे र संघीय समपूरक अनुदानमा ढोडेनी-सौरपानी सडक कालेपत्रेको ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको छ । राङरुङ-पोखरी सडकको स्तरोन्नती ठेक्का सम्झौता भई निर्माण कार्य भइरहेको छ । यस वर्ष गाउँपालिकाको आन्तरिक

स्रोतबाट ५.०४ किलोमिटर सडक ग्राभेल, ४११ मिटर ढलान, ४२० मिटर सोलिंग र ६.२२ किलोमिटर ढल निकासको कार्य सम्पन्न भएको छ ।

२. एक घर एक धारा खानेपानी कार्यक्रम अन्तर्गत चालु आ.व.मा १६ वटा खानेपानी योजना सम्पन्न भएका छन जसबाट १८२ घरधुरी लाभान्वित भएका छन |

३. त्यसैगरी १० वटा सामुदायिक भवन, ४ वटा मन्दिर, १ वटा शवदाह गृह, १ वटा किरियापुत्री घर, ८ वटा सिंचाई आयोजना र साना सिचाई तर्फ २६ वटा आयोजना सम्पन्न भएका छन् |

४. पर्यटन पूर्वाधार विकास तर्फ दिल बहादुर रम्तेल स्मृति पार्कमा क्याफेटेरिया भवन, जराङबाट रम्तेल पार्कसम्म आउने सिँढी बाटो र खानेपानी लगायतका पूर्वाधारको कार्य भएको छ ।अन्य २ वटा पार्क र ३ वटा चौतारो निर्माण भएका छन् |

५. हिउँदको समयमा आगलागीबाट क्षति भएका ३ वटा निजी आवास मर्मतको लागि जनही रु. ५०,०००।— र १ जनालाई रु. २०,०००।- राहत उपलब्ध गराइएको छ भने गोठ जलेर नष्ट भएको १ जनालाई रु. १०,०००।— राहत प्रदान गरिएको छ ।

६. पहिरोको जोखिममा परेको वडा नं. १ को तसरा, वडा नं. २ को फोसिनान, स्याप्राङ वडा नं. ३ को नेपाली टोल र रातडाँडा, वडा नं. ४ को खारुङ, वडा नं. ५ को कुमालटारी र वडा नं. ८ को तीनखण्डेमा FAO को सहयोगमा बस्ती संरक्षणको काम गरिएको छ भने खारुङमा पहिरोको पूर्व सूचना प्रणाली जडान गरिएको छ ।

७. असिना पानीले तरकारी बालीमा क्षति पुगेका वडा नं. १ र २ का किसानहरुलाई राहत स्वरुप तरकारीको बीउ र टनेल प्लाष्टिक वितरण गरिएको छ भने गहुँ बालीमा क्षति पुगेका वडा नं. ४ का किसानलाई ७०० किलोग्राम गहुँ राहत वितरण गरिएको छ ।

८. हावाहुरीले क्षति पुगेको निजी आवासको मर्मत र पहिरोको कारण जोखिममा परेका निजी आवासको संरक्षणको लागि राहत अनुदान उपलब्ध गराइएको छ ।

९. वर्षातको समयमा पहिरोको कारण जोखिममा परेको निजी आवास संरक्षण गर्न तत्कालको लागि त्रिपाल र आवश्यक संख्यामा ग्याबिन जाली प्रदान गरिएको छ ।

१०. साना सिंचाई कार्यक्रम मार्फत आ.व. २०८०/०८१ सम्ममा २० वटा साना सिंचाई थप भएर ४०० रोपनी खेतीयोग्य जमिनमा सिंचाइको सुविधा थप गरिएको छ।

११. गाउँपालिकाका किसानहरुले उत्पादन गरेको कृष, पशु र दूधजन्य उत्पादनको बजारीकरणको लागि सुलिकोट बहुउद्दश्यीय सहकारी संस्थासँगको साझेदारीमा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याईएको छ ।

१२. चालु आ.व. २०८०/०८१ मा असिना पानीको प्रकोपबाट पीडित ८० घरधुरी कृषकलाई राहत स्वरूप मल्चिङ प्लास्टिक वितरण गरिएको छ।

१३. रैथाने वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं ३ र ४ लाई समेटेर २ वटा क्लष्टर छनौट गरि २ थान कुटानी पिसानी मिल र २ थान मल्टि थ्रेसर बितरण गरिएको छ ।

१४. बारपाक सुलिकोट गाउँपालिकाको प्राविधिक सहयोग, एकिकरण नेपालको उत्पादनमा आर्थिक सहयोग र फ्रेस्को हिमालयन एग्रो प्रा.लि.को बजारीकरणमा सहयोग रहने गरि कफी खेती विस्तार कार्यक्रमका लागि त्रिपक्षिय सम्झौता भएको छ। अब कफी खेती गर्ने यस गाउँपालिकाका किसानलाई बजारीकरणको समस्या हुने छैन ।

१५. आलु पकेट क्षेत्र स्थापना कार्यक्रम अन्तर्गत सबै वडामा आलु खेती तथा आलुको वीउ उत्पादन गरिएको छ । जसबाट यस वर्ष २४० मेट्रिक टन आलु उत्पादन भएको छ |

१६. गाउँपालिका अध्यक्ष गरिबी निवारण कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र संचालित कृषि तथा पशुपन्छी फर्म तथा उद्योगलाई बार्षिक ३ देखि १० लाख सम्मको ऋणको ब्याजमा ८०% अनुदान प्रदान गरिदै आएको छ |

१७. मकै बालि प्रवर्द्धन कार्यक्रम अन्तर्गत अरुण-२ जातको १.३ टन र रामपुर कम्पोजिट जातको १.५ टन मकैको विउ किसानलाई वितरण गरिएको छ।

१८. प्राङ्गारिक/जैविक मल तथा विषादी बनाउने तालिम वडा नं ५ र ८ मा सञ्चालन गरिएकोमा ५० घरधुरी लाभान्भित भएका छन्।

१९. किवी खेती विस्तार कार्यक्रम अन्तर्गत वडा नं १,२,३ र ४ मा किवी खेती निरन्तर संचालनमा छ । जस मार्फत वार्षिक करिव ४ मे.ट. किवीको फल उत्पाउन भएको छ।

२०. किसानको मनोबल उच्च बनाउन विभिन्न विधाका १४ जना उत्कृष्ट किसानलाई जनहि १० हजार रुपैयाँ तथा प्रमाणपत्र सहित सम्मान गरिएको छ ।

२१. गाईवस्तुमा देखा परेको लम्पी स्किन महामारीका कारण खेतबारी बाँझो रहन नदिन गाउँपालिकाको ८ वटै वडामा ५०% अनुदानमा ३४ वटा मिनि टिलर वितरण गरिएको छ |

२२. गाउँपालिकाका ३६०० घरधुरि कृषकका ६५,५०० पशु र ३१,००० पन्छी को निःशुल्क औषधी उपचार गरिएको छ भने अकस्मात फैलिएको छालाको रोगबाट ग्रसित २५० भैंसीको निःशुल्क उपचार गरिएको छ ।

२३. ६ वटा पशु सेवा इकाईमा गोबर परीक्षण ल्याब सञ्चालनमा ल्याइएको छ । जसबाट पशुपालक किसानहरुले आफ्ना पशुचौपायाको गोबर परीक्षण गरि स्वास्थ्य सम्बन्धि जानकारि लगायतका लाभ लिन सक्नेछन् ।

२४. वडा नं. १ र २ बारपाकमा ११९ ओटा कुकुरको बन्ध्याकरण गरिएको छ । यसबाट भूस्याहा कुकुरको संख्या नियन्त्रण गरि रेविज लगायतका रोगहरु न्यूनीकरणका लागि सहयोग पुग्नेछ ।

२५. उत्पादनमा आधारित अनुदान कार्यक्रमअन्तरग १२२९ घरधुरी कृषकले ३७,१५,०००।— रुपैयाँ अनुदान प्राप्त गरेका छन ।

२६. लम्पि स्किन रोगको कारणले मरेका १ वटा गोरु मरको किसानलाई १०,०००।— र २ वटा वा सो भन्दा बढि गोरु मरेको किसानलाई १५,०००।— का दर वडा नं. ५,६,७ र ८ का ५२ घरधुरी कृषकलाई रु ९ लाख राहत वितरण गरिएको छ ।

२७. ८७१० बोट डाले घाँस को बिरुवा खरिद गरी कृषकलाई वितरण गरिएको छ।
२८. ५ जना कुखुरा पालक किसानलाई पानी तथा आहारा व्यावस्थापन र खोर निर्माणमा लागि जनही ५० हजारका दरले अनुदान वितरण गरिएको छ।
२९. ४ जना माछा पालक कृषकलाई पोखरी निर्माणका लागि रु २ लाख ३० हजार अनुदान वितरण गरिएको छ ।
३०. ६ लाख रुपैयाँको लगानीमा ४०२ घरधुरि कृषकको २२३० वटा बाख्रा र ४५५ वटा भैसि गरि जम्मा २६८५ वटा पशुधनको निःशुल्क वीमा गरि रु ४ करोड २५ लाख बराबरको पशु धनलाई सुरक्षित गरिएको छ ।
३१. १८ जना गाई भैसी तथा बाख्रापालक किसानलाई गोठ सुधारका लागि ४ लाख ५० हजार रुपैयाँ अनुदान वितरण गरिएको छ ।
३२. वडा नं.१ र २ मा रहेको घुम्ति भेडी गोठका लागि टहरा निर्माण गरिएको छ । यसबाट ५ वटा समुहका ५० घरधुरि किसानले लाभ प्राप्त गर्ने छन् ।
३३. कृत्रिम गर्भाधान सेवा सुरु गरिएको छ । चालु आ व मा ४ वटा भैसि, ३ वटा गाई र ६ वटा बाख्राको कृत्रिम गर्भाधान गरिएको छ ।
३४. सुनौलो हजार दिनका ३०० आमाहरुलाई जनही १२ वटाका दरले ३७०० वटा कुखुराका चल्ला तथा आवश्यक औषधि वितरण गरिएको छ ।
३५. मूख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रमसँगको साझेदारीमा वडा नं १ र २ मा अल्लो, लोक्ता र भेडाको उन प्रशोधन तथा ३ र ४ मा अल्लो प्रशोधनसँग सम्बन्धित अत्याधुनिक मेसिन जडान गरिएको छ । कूल १५० जनालाई अल्लो, लोक्ता र भेडाको उन प्रशोधन तालिम प्रदान गरिएको छ भने ३ वटा साझा सुविधा केन्द्रहरु निर्माण भएका छन् ।
३६. वडा नं २, ४ र ७ मा साबुन व्यवसाय स्तरोन्नती तालिम सञ्चालन गरिएको छ । स्तरोन्नती तालिम प्राप्त गरेका ५२ जनाले ४ वटा साबुन व्यवसाय दर्ता गरि साबुनको उत्पादन सुरु गरेका छन् ।
३७. मूख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम र सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत ३०० जनालाई वित्तिय साक्षरता तालिम प्रदान गरिएको छ ।
३८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३२ वटा योजनाहरु सम्पन्न भई ११५६ जनाले आंशिक रोजगारी प्राप्त गरेका छन् ।
३९. वैदेशिक रोजगारीबाट फर्केका ४० जनालाई वित्तिय साक्षरता तालिम प्रदान गरि उनीहरुमध्ये ३० जनालाई ४० हजारका दरले अनुदान प्रदान गरी व्यवसायिक बन्न प्रेरित गरिएको छ ।
४०. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई रोजगार सेवा केन्द्र मार्फत online form भर्ने सेवा प्रदान गरिएको छ ।
४१. २० जना कृषकलाई १५ दिने (७५ कार्यघण्टा) मिनि टिलर मर्मत तालिम प्रदान गरि क्षमता विकास गरिएको छ ।

४२. विद्यार्थीहरुको Multiple Intelligence को विकासलाई वढवा दिन मा वि स्तरीय वकृत्वकला, तीजगीत एवं नृत्य, हाजिरी जवाफ प्रतियोगिता वडागत रुपमा सञ्चालन गरिएको छ।

४३. विद्यार्थीहरुमा खेलकुद प्रतिभाको विकासका लागि चौथो बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिएको छ।

४४. सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि अभिभावक शिक्षा कार्यक्रम, किशोर किशोरी शिक्षा कार्यक्रम, विद्यालय व्यवस्थापन समितिलाई क्षमता विकास तालिम, विद्यालय सुधार योजना कार्यशाला लगायतका तालिमहरु सञ्चालन गरिएको छ ।

४५. अनाथ र असहाय वालवालिकाहरुलाई शिक्षाबाट बञ्चित हुन नदिन मनास्लु आधारभूत विद्यालयमा निःशुल्क छात्रावास सञ्चालन गरिएको छ । छात्रावासमा हाल १६ जना विद्यार्थी अध्ययनरत छन् ।

४६. रुम टु रिड सँगको साझेदारीमा आधारभूत साक्षरता कक्षा विस्तार हुने १० विद्यालयमा कक्षा १ को कक्षा कोठा र पुस्तकालय कक्षा व्यवस्थापन गरिएको छ ।

४७. सबै सामुदायिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाईएको छ ।

४८. SEE दिएका विद्यार्थीहरुको लागि शैक्षिक परामर्श कार्यक्रम र निःशुल्क कम्प्युटर शिक्षा प्रदान गरिएको छ ।

४९. १० वटै माध्यामिक विद्यालयहरुमा SEE परीक्षामा NG ल्याएका विद्यार्थीहरुका लागि निःशुल्क अतिरिक्त तयारी कक्षा सञ्चालन गरिएको छ ।

५०. बारपाक सुलिकोट गाउँपालिकामै MBBS डाक्टर उत्पादनमा सहयोग पुर्याउन MBBS अध्ययनरत १ जना विद्यार्थीलाई यस वर्ष ४ लाख रुपैयाँ छात्रवृति प्रदान गरिएको छ ।

५१. बारपाक सुलिकोट गाउँपालिका स्थायी घर भई गोरखा क्याम्पसमा स्नातक तहमा अध्ययनरत १५ जना विद्यार्थीहरुलाई जनही १० हजार रुपैयाँ छात्रवृति प्रदान गरिएको छ। गोरखा क्याम्पसको पुस्तकालयलाई ५० हजार रुपैयाँको पुस्तक सहयोग प्रदान गरिएको छ ।

५२. गाउँपालिकाभित्र रहेका अभिभावक विहिन ४८२ जना बालबालिकालाई जनही रू.२४८० का दरले छात्रवृत्ति प्रदान गरिएको छ ।

५३. बारपाक बहुप्राविधिक शिक्षालयको छात्रावास व्यवस्थापन, घरभाडा र छात्रवृत्तिका लागि सहयोग उपलब्ध गराईएको छ

५४. गाउँपालिकाभित्र स्थायी ठेगाना भएका २७ जना सहिद परिवारलाई सम्मान स्वरूप जनहि रू.१०,००० का दरले नगद रकम उपलब्ध गराईएको छ ।

५५. आफैं शौचालय बनाउन नसक्ने ७ परिवारलाई शौचालय निर्माणका लागि प्रतिपरिवार २० हजार रुपैयाँ उपलब्ध गराईएको छ । १५० जनालाई करेसाबारी निर्माणका लागि जनही ४ हजार रुपैयाँ र जूठ्यान निर्माणका लागि ३० जनालाई जनही १० हजार रुपैयाँ उपलब्ध गराईएको छ ।

५६. जनजाती उत्थान कार्यक्रम अन्तरगत भवानी नेवार गुठीमा आबद्ध २० जनालाई पञ्चेबाजा बजाउने प्रशिक्षण प्रदान गरिएको छ । बराम, मगर र गुरुङ जातिको भाषा कला साहित्य र संस्कृति जगेर्ना तथा क्षमता विकासका लागि संस्थागत रुपमा आर्थिक सहयोग प्रदान गरिएको छ । गुरूङ जातिको परम्परा संरक्षणका लागि २ लाख ८६ हजार रुपैयाँको सामाग्री समेत हस्तान्तरण गरिएको छ ।

५७. गाउँपालिकाका विभिन्न स्थानमा दलित सशक्तिकरण कार्यक्रम सञ्चालन गरिएको छ ।

५८. हिंसाबाट पीडित बालिकालाई खाद्यान्न लगायतका सामाग्री र राहत उपलब्ध गराईएको छ ।

५९. बैंक तथा वित्तिय संस्थासँगको सहकार्यमा टोल टोलमा घुम्ती शिविर सञ्चालन गरि लाभग्राहीलाई हातहातमै सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

६०. FAO Nepal को सहयोगमा Bio-engineering प्रविधिको प्रयोग गरी बारपाकको मान्द्रे, सौरपानीको खारुङ, पन्द्रुङको तीनखण्डे र ताकुकोटको भालेढुङ्गामा पहिरो नियन्त्रण सम्बन्धि कार्यको शुरुवात भएको छ । खारुङमा पहिरो पूर्वचेतावनी प्रणाली जडान गरिएको छ ।

६१. पत्राचार, अनुगमन तथा मुल्यांकन र लेखा समितिबाट छानबिन गरी बेरुजु न्यून गर्न अधिकतम प्रयास भैरहेको छ ।

६२. Electronic fund Transfer (EFT) प्रणाली लागु गरी भुक्तानीमा पारदर्शिता कायम गर्न सुरुवात भएको छ ।

६३. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतको जिन्सी निरीक्षण सम्पन्न गरी गाउँपालिकाको चल अचल सम्पतिको अभिलेखिकरण गरिएको छ।

६४. गत आ.व.को २४ वटा र चालू आ.व.को १४ वटा गरी कूल ३८ वटा निवेदनहरुमध्ये न्यायिक समितिबाट ९ वटा निवेदनको फछ्र्यौट गरिएको छ भने १२ वटा निवेदनहरु मेलमिलाप केन्द्रबाटै टुंग्याईएका छन् ।

६५. मेलमीलापकर्तालाइ ४८ घन्टे अभिमुखीकरण कार्यक्रम संचालन गरि ८ वटै वडामा व्यवस्थापन गरिएको छ |

६६. सामाजिक विवाद, द्वन्द्ध र झैझगडालाई वडा र गाउँपालिकास्तरमै निरुपण गर्ने प्रयास गरिएको छ ।

६७. निर्वाचन आयोग हेटौंडा कार्यालयबाट यस गाउँपालिकाका लागि १ थान स्कर्पियो गाडी हस्तान्तरण भई आएको छ भने सम्भव नेपालबाट गाउँपालिकालाई १ थान एम्बुलेन्स प्राप्त भएको छ ।

६८. बिजुलीवत्तीको समस्या समाधान गर्नका लागि ७ वटा वडा कार्यालयमा वैकल्पिक ऊर्जाका सामाग्री थप गरी क्षमता बढाइएको छ भने ८ नं. वडा कार्यालयको सोलार सिस्टम नियमित मर्मत गरी सञ्चालनमा ल्याइएको छ । साथै शहीद दिल बहादुर रम्तेल स्मृति

पार्कमा 10 KVA को स्टेपलाईजर जडान गरी विद्युत आपूर्तीलाई व्यवस्थित गरिएको छ ।

६९. बारपाक सुलिकोट गाउँपालिकासँग सम्बन्धित विभिन्न समयका फोटो संकलन, फ्रेमिंग र सजावटका लागि टाँस गरिएको छ ।

७०. सबै वडा कार्यालय र स्वास्थ्य संस्थामा अत्यावश्यक फर्निचर, कम्प्युटर र ल्यापटप तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिएको छ ।

७१. गाउँपालिकाभित्रका युवाहरुको खेलप्रतिको रुची र क्षमता अभिवृद्धिका लागि खेलकुदका सामाग्री खरिद गरि विभिन्न युवा तथा बाल क्लवहरुलाई वितरण गरिएको छ ।

७२. १०५६ जनालाई दादुरा रुवेला खोप र ६४० जनालाई दोश्रो आई पि भि खोप प्रदान गरिएको छ।

७३. ५७ जना महिलालाई सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको छ ।

७४. ५६४ जना जेष्ठ नागरिक निशुल्क स्वास्थ्य सेवा तथा परामर्श सेवाबाट प्रदान गरिएको छ ।

७५. बारपाक सुलिकोटको चेली उपाध्यक्षको कोसेली कार्यक्रमार्फत १८६ जना गर्भवती महिलालाई पोषण सामाग्री बितरण गरिएको छ ।

७६. ६३ जना जटिल अवस्थाका गर्भवती एवं सुत्केरीलाई थप उपचारका लागि सुविधासम्पन्न अस्पताल पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।

७७. सुत्केरी आमा भेट (PNC) कार्यक्रम अन्तर्गगत १५५ जना सुत्केरी आमा र नवजात शिशुलाई भेट गरी स्वास्थ्य परीक्षण गरिएको छ ।

७८. संस्थागत सुत्केरी हुने ८४ जना सुत्केरीलाई पोषण खर्च उपलब्ध गराइएको छ।

७९. शल्यक्रिया सहितको आँखा शिविरबाट ५४० जना विरामी स्वास्थ्य जाँच गरि ७४ जनाको निःशुल्क आँखाको शल्यक्रिया गरिएको छ ।

८०. स्त्री रोगबाट पीडित ५५१ जना, VIA पोजेटिभ भएका १५ जना, STI बाट पीडित ६६ जना र आङ खस्ने समस्या भएका ५ जनालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

८१. २ वर्ष मुनिका २७० जना बालबालिकालाई पूर्ण खोप प्रदान गरिएको छ ।

८२. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर र मेरुदन्ड पक्षघातका ५४ जना विरामीलाई औषधी उपचार बापत जनही ६० हजार रुपैयाँ उपलब्ध गराइएको छ।

८३. २ बर्ष भन्दा मुनिका बच्चारुलाई जोखृ ल्याउँदा बच्चाको आमालाई ४ वटा अन्डा दिईने कार्यक्रम निरन्तर सञ्चालन गरिएको छ ।

८४. विकास आयोजना तथा परियोजना सम्बन्धी कानून र मापदण्डवमोजिम योजना कार्यान्वायन र नियमन गरिएको छ ।

८५. स्थानीय विकास नीति, अल्पकालीन मध्यकालीन तथा दिर्घकालीन विकास योजना एवं गुरुयोजना तर्जुमा, कार्यान्वयन, निरन्तर अनुगमन तथा मूल्याङ्कन गरिएको छ ।

८६. आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय प्रभाव अध्ययन र प्राविधिक मूल्याङ्कन गरेर मात्रै पूर्वाधार विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा र कार्यान्वायन गर्ने गरिएको छ ।
८७. विकास निर्माण प्रक्रियामा स्थानीय जनसहभागितालाई प्राथमिकता दिईएको छ ।
८८. सबै वडाका उपभोक्ता समितिको क्षमता विकासका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ ।
८९. संघिय र प्रादेशिक आयोजना परियोजनाको सफल कार्यान्वयनका लागि समन्वय, सहजिकरण र सहयोग प्रदान गरिएको छ ।
९०. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतको जिन्सी निरीक्षण सम्पन्न गरी गाउँपालिकाको चल अचल सम्पतिको अभिलेखिकरण गरिएको छ।
९१. गाउँपालिका अन्तर्गतका सडकको सामान्य मर्मत र संरक्षणका लागि २२ जना सडक हेरालु, कृषि गणनाका लागि ८ जना कृषि गणक, मूख्यमन्त्री नवप्रवर्द्धन कार्यक्रमको सहयोगका लागि ७ जना स्वयम सेवक, स्वस्थ्य सेवा तर्फ १ जना, रम्तेल पार्कको हेरचाहका लागि २ जना गरी ४० जनालाई सेवा करारमार्फत नियुक्ति गरिएको छ।
९२. वडा कार्यालयबाट प्रवाह हुने सेवालाई गुणस्तरीय र समसामयिक बनाउन सम्पूर्ण वडा कार्यालयमा कलर प्रिन्टरको व्यवस्था गरिएको छ।
९३. गाउँ कार्यपालिकाको कार्यालय र मातहातका सबै कार्यालयमा नागरिक वडापत्र राखिएको छ ।

## अब म क्षेत्रगत नीतिलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु

### (१) <u>सामाजिक विकास क्षेत्रः</u>

### (क) <u>शिक्षा</u>

- बारपाक बहुप्राविधिक शिक्षालयमा सञ्चालित कार्यक्रमलाई आवास सहित गुणस्तरीय शिक्षा दिने व्यवस्था गर्दै, थप कार्यक्रम विस्तार गरिनेछ।
- MBBS छात्रवृति योजनालाई निरन्तरता दिईनेछ साथै छात्रवृत्तिको दायरालाई फराकिलो बनाई बराम र दलित समुदायका स्नातकोत्तर तहका विधार्थीलाई समेत यस कार्यक्रममा समावेश गरिनेछ ।
- "उत्तम विद्यालय, उत्तम शिक्षण, उत्तम सिकाई" को अवधारणा अन्तर्गत विद्यालय शिक्षा सुधारका लागि प्रधानाध्यापकहरुको प्रतिबद्धता लिई चौमासिक रुपमा शैक्षिक अन्तरक्रिया, विभिन्न

तालिमहरु र  हाजिरी जवाफ, वक्तृत्वकला, वादविवाद, निबन्ध, कविता, विज्ञान प्रदर्शनी लगायतका गाउँपालिका स्तरीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ भने बारपाक सुलिकोट गाउँपालिका स्थायी घर भई विभिन्न शैक्षिक संस्थाबाट उत्कृष्टता हाँसिल गरेका तथा सरकारी एवं संगठित संस्थामा उच्च ओहोदामा भएकाहरुलाई स्वयंसेवक शिक्षकको रुपमा परिचालन गरिनेछ ।

- सामुदायिक विद्यालयमा अंग्रेजी माध्यममा गणित र विज्ञान विषयको पठनपाठन आंशिक रुपमा यही वर्ष सुरु गरि आगामी शैक्षिक सत्र २०८२ देखि पूर्ण रुपमा अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाईनेछ ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले परिलक्षित गरेबमोजिम आधारभूत तहको लागि (कक्षा ६-८ सम्म) स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरिनेछ ।
- अभिभावक शिक्षा, सचेतना लगायतका कार्यक्रम गरी शैक्षिक गुणस्तर अभिवृद्धिमा अभिभावकलाई पनि जिम्मेवार बनाईनेछ ।
- शिक्षकलाई आफ्नो विषयवस्तुप्रति थप सक्षम तथा उर्जावान बनाउनका लागि विभिन्न विषयगत तथा तहगतरुपमा शिक्षक तालिमको व्यवस्था गरिनेछ ।
- पालिकास्तरमा तहगत रुपमा तोकिएको सिकाइ उपलब्धि प्राप्त गर्ने तथा तोकिएको  सिकाई उपलब्धी हासिल गर्ने शिक्षक र विद्यार्थीलाई उचित पुरस्कारसहित सम्मान गरिनेछ ।
- कक्षा १२ सम्मको निःशुल्क शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाँउपालिकामा बोलिने विभिन्न समुदायका मातृभाषा संरक्षण तथा प्रवर्द्धन गर्न पाठ्यक्रम तयार गरी औपचारिक मातृभाषा कक्षा सञ्चालन गरिनेछ।
- शहीदका सन्तती, द्वन्द्वपीडित, अपाङ्ग, असहाय, अतिविपन्न परिवारका बालबालिका छनौट गरी प्राविधिक शिक्षा पढ्नको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- पालिका भित्रका सबै विद्यालयमा भूकम्प प्रतिरोधी पक्की भवन, बालमैत्री शौचालय, घेरावार, खेलमैदान, पुस्तकालय, प्रयोगशाला र इन्टरनेटको व्यवस्था गरिनेछ ।
- शैक्षिक क्षेत्रको नियमित अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।
- शिक्षकलाई सेवामुलक तालिम, विद्यालय व्यवस्थापन समिति र  शिक्षक अभिभावक संघका पदाधिकारीलाई नेतृत्व विकास तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयमा बालमैत्री, अपाङगमैत्री कक्षाकोठा, बालउद्यानको निर्माण तथा स्वच्छ पिउने पानीको व्यवस्थालाई निरन्तरता दिइनेछ।

- खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिनुका साथै विद्यालयमा स्काउट, रेडक्रस सर्कल, बालक्लव, किशोरी-किशोरी क्लवहरु गठन गरिनेछ ।
- यस वर्ष बारपाक सुलिकोट गाउँपालिकालाई आधारभूत तहसम्मको निःशुल्क र अनिवार्य शिक्षा गाउँपालिका घोषणा गरिनेछ ।
- कक्षा ८ को परिक्षालाई मर्यादीत बनाइनेछ, उत्कृष्टलाई पुरस्कृत गरिनेछ । ५ कक्षाको परिक्षालाई गाउँपालिका स्तरीय बनाइनेछ ।
- विद्यार्थिहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटनमा सहजिकरण गर्न **बारपाक सुलिकोटको प्रतिभा खोज अभियान कार्यक्रम**लाई निरन्तरता दिइनेछ।
- पालिकाभित्रका सबै नागरिकहरुलाई देशभक्त, भविष्यप्रति आस्थावान, सभ्य, सुसंस्कृत, योग्य, प्रतिष्पर्धी, सिर्जनशील, उद्यमशील र आत्मविश्वासी बनाउनु बारपाक सुलिकोट गाँउपालिकाको मुल शिक्षा नीति हुनेछ।
- २०७७ देखि २०८५ लाई सार्वजनिक विद्यालय सबलीकरण दशकको रुपमा सफल पार्न सहयोग गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- अभिभावक विहिन टुहुरा/संरक्षक नभएका बालबालिकालाई छात्रवास सहित निःशुल्क शिक्षाको सुनिश्चितता गरिनेछ।
- करारमा रहेका शिक्षकहरुको अर्धवार्षिक रुपमा क्षमता जाँच परिक्षा द्वारा करार अवधि थप गर्नको लागि आवश्यक नीतिगत व्यवस्था गरि प्रभावकारी कार्यान्वयन गरिनेछ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई आधारभूत कम्प्युटर सिप सिक्न आवश्यक व्यवस्था गरीनेछ ।
- विद्यार्थीहरुलाई दिवा खाजाको लागि स्थानीय क्षेत्रमा उत्पादन भएका खाद्य वस्तुको प्रयोगमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ।
- सार्वजनिक पदाधिकारी, कर्मचारि र शिक्षकका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गराउने नीति लाई कार्यान्वयन गरिनेछ।
- हरेक विद्यालयहरुमा अभिभावक, शिक्षक, जनप्रतिनिधि लगायत सम्बद्धहरुसँग नियमित अन्तरक्रिया गरिनेछ।
- सूचकको आधारमा पुरस्कार र दण्डको व्यवस्था हुनेछ।
- गाउँपालिकामा नयाँ नियुक्ति भएका शिक्षक कर्मचारीहरुलाई यस गाउँपालिकामा कम्तीम १ वर्ष सम्म अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था गरिनेछ ।

**(ख) <u>स्वास्थ्य</u>**

- नेपाल सरकारले निःशुल्क वितरण गर्ने भनि तोकेका सम्पूर्ण औषधी र आधारभूत स्वास्थ्य सेवा निःशुल्क र प्रभावकारी तुल्याइनेछ ।
- हुँडिफाँटमा निर्माण भईरहेको १५ शैयाको **शहीद प्रेम ढकाल स्मृति अस्पताल** आ.व. २०८१/०८२ मा संचालनमा ल्याइनेछ |
- बारपाक सुलिकोट गाउँपालिका अन्तर्गतका प्रत्येक स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेदिक औषधालय मार्फत मासिक रुपमा विशेषज्ञ चिकित्सक सेवा उपलब्ध गराइनेछ |
- **"बारपाक सुलिकोटको चेली : उपाध्यक्षको कोशेली"** कार्यक्रममार्फत गर्भ अवस्था तथा सुत्केरी महिलाहरुलाई पौष्टिक आहार नियमित प्रदान गरिनेछ।
- उच्च जोखिममा रहेका गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
- विभिन्न महामारी, सरुवा रोग नियन्त्रणको लागि स्वास्थ्यकर्मीको अग्रसरता र नागरिक सचेतनामा जोड दिइनेछ ।
- **विद्यार्थी संग स्वास्थ्यकर्मी कार्यक्रम** संचालन गरिनेछ ।
- मनोसामाजिक परामर्श सेवालाई निरन्तरता दिइनेछ।
- प्रत्येक विद्यालयलाई प्राथमिक उपचारका स्वास्थ्य सामाग्री र गुणस्तरीय सेनिटरी प्याड उपलब्ध गराइनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविकालाई यातायात, पोशाक, संचार खर्चको व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवा केन्द्रहरुको विस्तार र संस्थागत विकास गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- घुम्ती अल्ट्रासाउण्ड सेवा उपलब्ध गराई गर्भवती महिलालाई गाउँघरमा नै सुविधा दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- मानसिक र दीर्घरोगीलाई निःशुल्क रुपमा औषधी प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- यस गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट क्रमशः चौविसै घण्टा स्वास्थ्य सेवा प्रदान गरिने निति अबलम्बन गरिनेछ । चौबिसै घण्टा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई अतिरक्त सुविधाको व्यवस्था गरिनेछ ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाबाट संचालित गाउँघर क्लिनिक र खोप क्लिनिकको व्यवस्थापन र पूर्वाधारमा विशेष ध्यान दिईनेछ ।
- आँखा उपचार केन्द्रसँग समन्वय गरि प्रत्येक स्वास्थ्य संस्थाबाट चौमासिक रुपमा आँखा जाँच गर्ने व्यवस्था मिलाईनेछ ।

- बर्थिङ सेन्टरबाट दिईने सेवालाई अझ प्रभावकारी बनाउन आवश्यक सामाग्रीहरुको व्यवस्थापन र सुरक्षित सुत्केरी गराउने स्वास्थ्यकर्मीलाई प्रोत्साहनको व्यवस्था गरिनेछ । जोखिममा परेका गर्भवती र सुत्केरी आमा र बच्चाको ज्यान जोगाउन अस्पतालसम्म जाँदा लाग्ने एम्बुलेन्स भाडा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सुनौला हजार दिनका आमा र बच्चाहरुको पोषण स्थिति सुधार गर्न हाल भईरहेको बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याइनेछ ।यस वर्ष बारपाक सुलिकोट गाउँपालिकालाई पोषण मैत्री गाउँपालिकाको घोषणा गरिनेछ ।
- सवै स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टर विस्तार गरि शुन्य होम डेलिभरीको निति लिईनेछ ।
- आगामी २ वर्ष भित्रमा २५ वर्ष देखि ६५ वर्ष सम्मका यस गाउँपालिका भित्र बसोबास गर्ने सबै महिलाहरुको पाठेघरको क्यान्सरको परिक्षण (VIA) गर्ने निति लिइनेछ।
- बारपाक सुलिकोट गाउँपालिका भित्रका ५ (पाँच) वर्ष मुनिका बालबालिकाहरुको कुपोषण दर शून्य बनाउने नीति लिईनेछ ।
- गाउँपालिका भित्रका जेष्ठ नागरिक र क वर्गका अपाङ्गलाई घरदैलोमा पुगेर स्वास्थ्य सेवा प्रदान गरिएकोमा निशुल्क औषधी सहितको स्वास्थ्य सेवालाई निरन्तरता दिने नीति लिईएको छ ।
- मधुमेह, मृगौला, कलेजो र विभिन्न सरुवा रोगहरुको न्यूनीकरण गर्न स्वास्थ्य संस्थाको सेवा विस्तार गरी सवै नागरिकले प्रयोगशालाको सुविधा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।
- किशोर किशोरीहरुको पोषणको अवस्था पत्ता लगाउन विद्यालयमै शारिरीक परीक्षण र रक्त समूह पहिचानका लागि प्रयोगशाला परीक्षण गर्ने नीति लिइनेछ ।
- हरेक स्वास्थ्य संस्थामा वैकल्पिक उर्जाको प्रयोग गरि चौविसै घण्टा विद्युतिय सेवा उपलब्ध गराइनेछ ।
- टिटि खोपको सबै स्वास्थ्य चौकी बाट निशुल्क व्यवस्था गरिनेछ।
- गाउँपालिका अन्तर्गतका वडाहरुमा सन्चालित प्रसुती गृहहरुमा प्रसुती महिला तथा स्याहारकर्ताहरुलाई खाना खाजाको व्यवस्था गर्न **आमा भान्छा घर**लाई निरन्तरता दिइनेछ।
- **बारपाक सुलिकोटको प्रतिवद्धता, स्वास्थ्य वीमामा सबैको सहभागिता** भन्ने नाराका साथ तथ्याङ्क संकलनको आधारमा विपन्न नागरिक र दलित समुदायहरुलाई बिशेष प्राथमिकतामा राखि निःशुल्क स्वास्थ्य बिमा गरिनेछ |
- प्रेसर, सुगर लगायतका दीर्घ रोगका विरामिहरुको निरन्तर स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाईनेछ।
- सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु सँग सहकार्य र साझेदारिमा गाउँपालिका स्तरीय स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

- गाउँपालिका क्षेत्र भित्र नसर्ने रोग न्यूनीकरणका लागि सञ्चालनमा रहेका गाउँघर क्लिनिक मार्फत नियमित सेवा प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।
- विद्यालयमा आयुर्वेद तथा योग शिक्षाका माध्यमबाट विद्यार्थी तथा शिक्षकलाई आयुर्वेद तथा योग मार्फत स्वस्थ जीवनयापन गर्न कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वस्थ जीवनशैलिका लागि योग, ध्यान र सकारात्मक सोच सम्बन्धी प्रशिक्षण संचालन गरिनेछ।
- स्वास्थ्यका सम्पुर्ण सेवालाई डिजिटलाईजेसन गरी व्यवस्थित रेकर्ड किपिङ र रिपोर्टिङ गर्ने व्यवस्था मिलाइनेछ ।

## (ग) खानेपानी तथा सरसफाई

- **"पिउने पानी पहुँचमा स्वच्छता र शुद्धता, एक घर एक धारा" बारपाक सुलिकोट गाउँपालिकाको प्रतिवद्धता"** भन्ने नाराका साथ पानीको स्रोत पहिचान गरी स्वच्छ सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी योजना निर्माण तथा सरसफाई सेवामा आम नागरिकको पहुँच स्थापित गरिनेछ ।
- **गाउँ सफा राखौं : स्वस्थ बनौ** भन्ने मान्यताका साथ घरगाउँ सरसफाई अभियान सञ्चालन गरिनेछ।
- खानेपानी स्रोतको दिगोपना तथा सरसफाईका लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपण, मर्मत सम्भार, साना आयोजना निर्माण, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यलाई सामाजिक कार्यमा आधारित रही जनसहभागितामा संचालन गरिनेछ ।
- प्रत्येक बजार तथा बस्तिहरुमा आवश्यकता अनुसार फोहोर संकलन तथा सार्वजनिक शौचालयको निर्माण गरिनेछ।
- प्लास्टिकमुक्त गाउँपालिका निर्माणको लागि वैकल्पिक उपाय सहित सरसफाई कार्यक्रम लागु गरिनेछ ।
- आधारभुत र स्वच्छ खानेपानीको सुनिश्चितता गर्न खानेपानिको मुहान संरक्षणमा जोड दिइनेछ ।
- बारपाक ढल निकासको कार्यलाइ आ.व. २०८१/०८२ मा सम्पन्न गरि सुन्दर, सफा र व्यवस्थित बारपाक बनाइनेछ |
- गाउँपालिका भरिका बासिन्दालाई स्वच्छ खानेपानीको प्रत्याभूति हुने गरि आधुनिक प्रविधिबाट पानीको गुणस्तर परीक्षण गरी पानीको स्रोत शुद्दताका लागि विशेष कार्यक्रम संचानलमा ल्याइने छ |

## (घ) सामाजिक, साँस्कृतिक, भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा

- समाजमा विद्यमान असल परम्परागत अभ्यास तथा प्रचालित कानूनहरुलाई अध्ययन गरी स्थानीय तहको कानूनमा समावेश गर्ने प्रयास हुनेछ।

- यस गाउँपालिका भित्र प्रचलित सबै धर्म, जातजाति, भाषाभाषि र धार्मिक समुदायका परम्परा, रितिरिवाज लगायत घाटु, सोरठी, रोधी, कौरा, झ्याउरे, पञ्चेवाजा जस्ता लोपोन्मुख संस्कृतिहरुका साथै विभिन्न धर्मवलम्बीहरुको आस्थाको केन्द्रको रुपमा रहेका मठमन्दिर, गुम्बा, चैत्य, मस्जिद, पुजाघरहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।
- बारपाक भुकम्प २०७२ स्मृति पार्क संरक्षण तथा प्रवर्द्धनको नीति लिइनेछ। बारपाकलाई राष्ट्रिय स्तरमा नै भुकम्प अध्ययन स्थलको रुपमा विकास गरिनेछ।
- दिल बहादुर रम्तेल स्मृति पार्कभित्र रहेको जनयुद्ध संग्राहलयलाई जनयुद्ध अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ।

## (ङ) युवा, खेलकूद तथा नवप्रवर्तन

- **राष्ट्रको लागि खेल, स्वास्थ्यको लागि खेल** भन्ने नारा लाई व्यवहारमा कार्यान्वयन गरी खेल मार्फत मनोरञ्जन, तन्दुरुस्ती र आर्थिक आयआर्जन गर्ने वातावरण श्रृजना गरिनेछ।
- वडा नं ६ मा निर्माणधिन गाउँपालिका स्तरीय शहीद आशाकाजी श्रेष्ठ स्मृति रंगशालाको जग्गाको सुनिश्चतता गरि निर्माण कार्य यथाशिघ्र सम्पन्न गरिनेछ।
- खेल क्षेत्रका कामलाई प्रोत्साहित गरी क्रिकेट, फुटबल, भलिबल, ब्याडमिन्टन, एथलेटिक्स लगायत खेलका लागि खेलकूद मैदान निर्माणको व्यवस्था गरिनेछ।
- युवाहरुलाई आवश्यकता अनुसार खेलकूद सामग्री, तालिम तथा रोजगारी सिर्जना गर्ने विभिन्न गतिविधिहरुमा लगानी गरिनेछ ।
- स्थानीय युवा परिषद् सम्बन्धी कानुन निर्माण गरी युवा वर्गमा देखिएका समस्या समाधान गर्ने पहल गरिनेछ।
- जिल्ला, प्रदेश, राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गरी पदक जिताउने खेलाडीलाई सम्मान तथा पुरस्कृत गरिनेछ।
- युवा उद्यम विकास कार्यक्रम संचालन गरी एक टोल एक युवा उद्यम समुह निर्माण गरी व्यवसायिक लगानिमा ८० प्रतिशत व्याज अनुदानलाई निरन्तरता दिइनेछ।
- वडा र पालिकास्तरीय खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ ।
- लागु औषध, जाँडरक्सी, जुवातास जस्ता विकृति विसंगतिबाट युवालाई मुक्त गर्ने गरी चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- बारपाक सुलिकोट रनिङशिल्ड प्रतियोगिताको आयोजना गरिनेछ ।
- गाउँपालिकाको खेल विकासको लागि शहीद दिल बहादुर रम्तेल स्मृति कप खेलकुद कार्यक्रम संचालन गरिनेछ।

- विभिन्न दुर्घटनामा उद्धार र  निर्माणका काममा युवा जनशक्ति प्रयोग गर्ने नीति लिइनेछ।
- बारपाकको खेलमैदानलाई योजनावद्ध रुपमा स्तरीकरण गरिनेछ ।

## (च) लैंगिक समानता, सामाजिक न्याय, समावेशीकरण र सामाजिक सुरक्षा

- महिलाहरुलाई कुनै पनि पेशामा निर्वाध रुपमा संलग्न हुने र समान कामको समान ज्याला उपलब्ध गराउने वातावरण श्रृजना गरिनेछ ।
- अपाङ्ग परिचय पत्रको आधारमा सामाजिक सुरक्षा भत्ता तथा सीपमुलक तालिमको व्यवस्था गरिनेछ साथै रोजगारी सृजनाको लागि पहल गरिनेछ।
- सबै प्रकारको बालश्रम अन्त्य गरिनेछ ।
- लैंगिक हिसां विरुद्ध उपाध्यक्ष कार्यक्रम संचालनमा निरन्तरता दिइनेछ ।
- सामाजिक कुरीति र कुसंस्कार विरुद्ध कानूनी र सचेतनामा जोड दिइनेछ ।
- बालविवाह, बहुविवाह, जाँडरक्सी, जुवातास, बोक्सी, धामी, जादुटुना, लागु पदार्थ ओसार पसार, महिला बेचविखन लगायतका गैरकानुनी कार्यको अन्त्य गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- लघु उद्योगको विकास गरी महिला, दलित तथा सीमान्तकृत समुदायको लागि स्वरोजगारको व्यवस्था गरिनेछ ।
- दलितहरु माथि हुने सवै प्रकारका छुवाछुत र भेदभावको पूर्ण उन्मुलन गरी सामाजिक सदभावयूक्त सभ्य समाज निर्माण गरिनेछ ।
- महिलाहरुको आर्थिक, सामाजिक सशक्तीकरणका लागि व्यवसायिक सीप विकास तथा उत्पादनशील विकासका कार्यक्रम संचालन गरिनेछ ।
- दलित, अल्पसंख्यक तथा सिमान्तकृत समुदायको परम्परागत व्यवसाय तथा पेशाको संरक्षण र उनिहरुको उत्थानको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- महिलाहरुलाई स्वरोजगार बनाउन सीपमूलक तालिम संचालन गरी आय आर्जनमा आत्म निर्भर बनाउने तिर जोड दिइनेछ ।
- संघीय सरकारले उपलब्ध गराउने जेष्ठ नागरिक भत्ता यथासमयमै बडा कार्यालय बाट उपलब्ध गराइनेछ । गाउँपालिकाबाट थप सम्मान  कार्यक्रम अगाडि बढाइनेछ ।
- महिलाहरुको पैत्रिक सम्पत्तिमाथिको समान हक स्थापित गर्न विशेष अधिकार सहित समान सहभागिताको सुनिश्चितता गरिनेछ ।
- बालवालिकाको पोषण र शिक्षामा विशेष ध्यान दिइनेछ । असहाय असक्त वालवालिकाको संरक्षण र शिक्षामा ध्यान दिइनेछ ।

- जेष्ठ नागरिकका अनुभव, ज्ञान, सीपको कदर गर्ने र उनिहरुका जटिल समस्या सामाधान तिर ध्यान दिइनेछ ।
- जेष्ठ नागरिकको संरक्षण, सुरक्षा र सेवाका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने शहीदहरुको सम्झनामा सिर्जनात्मक कार्यक्रमको आयोजना गरि शहीद दिवस लगायतका राष्ट्रिय मान्यता प्राप्त दिवसहरु मनाइने व्यवस्था मिलाइनेछ ।

## (छ) सरकारी तथा गैह्र सरकारी संघ, संस्था परिचालन, समन्वय तथा परिचालन

- बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र स्थानीय सरकारको नीति कार्यक्रम र मापदण्ड भित्र रहि कार्यक्रम गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गर्ने नीति लिइनेछ ।
- कुनै पनि सरकारी गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र कार्यक्रम आयोजना तथा सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरूप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ।
- गैरसरकारी संस्था संचालन कार्यविधि समयसापेक्ष परिमार्जन गरि प्रभावकारी बनाइनेछ । योजना, बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा एकद्वार नीति लिइनेछ ।

## (ज) शहीद परिवार, वेपत्ता परिवार, घाइते योद्धाबारे

- १० वर्षे महान जनयुद्ध र जनआन्दोलनका क्रममा शाहदत्त प्राप्त गर्ने शहीदहरुको स्मृति र सम्मानमा कार्यक्रम संचालन गरिनेछ । फागुन १ गते शहीद दिवसको सन्दर्भमा गाउँपालिका भित्र विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- शहीदका नामबाट पार्क, स्तम्भ खडा गरी इतिहासको संरक्षण गरिनेछ।
- शहीदका छोराछोरीलाई शिक्षा र रोजगारीका अवसरमा प्राथामिकता दिइनेछ ।
- घाइतेहरुको निःशुल्क उपचार गर्ने र छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।
- शहीदहरुलाई सम्मान गर्ने संस्कृति निर्माण गर्ने, शहीदका जीवनी प्रकाशन गर्ने, शहीद परिवार सम्मान कार्यक्रम आयोजना गरीनेछ ।

## (२) पूर्वाधार विकास क्षेत्र

## (क) भवन, बस्ती, आवास तथा सहरी विकास

- सुरक्षित आवास सुविधा सबै नागरिकको अधिकार भएकोले सुलभ र सुरक्षित आवास निर्माणमा जोड दिइनेछ ।
- सार्वजानिक तथा व्यवसायिक प्रयोजनका भवनहरु निर्माण गर्दा सुरक्षा सम्बन्धि मापदण्डलाई ध्यान दिइनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता कार्यान्वयनमा ल्याईनेछ।
- बारपाक सुलिकोट गाउँपालिका भित्रका घरधुरी एकिन गरी गाउँपालिकाको सेवालाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि घर नम्बर राख्ने कार्यक्रम संचालन गरीनेछ ।
- विधुतिकरण भएका टोल बस्तीहरुमा जोखिमयुक्त प्रसारण लाईनलाई नेपाल विधुत प्राधिकरणसँगको समन्वय र सहकार्यमा व्यवस्थित गरिनेछ ।
- बारपाक लगायतका अन्य गाउँहरुको अध्ययन तथा सर्वेक्षण गरी स्मार्ट गाउँको रुपमा विकास गर्ने उद्धेश्य सहित आवश्यक पुर्वाधारको तयारी गरिनेछ।
- सामुदायिक भवन निर्माण गर्दा सामुदायिक भवन / समुहको नाममा पुर्जा तयार गरेर मात्रै निर्माण कार्य अगाडी बढाईने छ |
- नयाँ आवास/ भवन जस्ता संरचना बनाउँदा नक्सा पास तथा यस अगावै निर्माण निर्माण भैसकेका आवास/ घरहरुको अभिलेखीकरण गरिनेछ |

## (ख) सडक, पुल तथा यातायात व्यवस्था

- 'समृद्धिको आधार आधुनिक भौतिक पूर्वाधार' को नारालाई आर्थिक विकासको मूल नारा बनाइनेछ । विकसित भौतिक पूर्वाधार विना आर्थिक समृद्धि र जनजीवनमा सहजता असम्भव भएकोले सडक, खानेपानी, विद्युत, आवास तथा सहरीकरण, सार्वजानिक भवन जस्ता विषयमा उच्च प्रथामिकता दिइनेछ ।
- गाउँपालिकाको सबै वडाहरुसम्म १२ महिना नै चल्ने गुणस्तरिय सडक स्तरोन्नती गरी निर्माण गरिनेछ।
- बारपाक सुलिकोट गाउँपालिकाको पूर्वाधार व्यवस्थापन सम्बन्धी ऐन २०७६ का व्यवस्थाहरुलाई कडाईका साथ लागु गर्दै लगिनेछ।
- हाल निर्माण कार्य भईरहेको घ्याम्पेसाल, देउराली, ताकु, स्वाँरा, सौरपानी हुँदै बारपाक सम्म जोड्ने सडकको कालोपत्रेको गुणस्तरीयता सुनिश्चितता र समयमा नै निर्माण सम्पन्न गर्न आवश्यक अनुगमन, समन्वय र सहकार्य गरिनेछ।
- सडक गुरुयोजना निर्माण गरिनेछ ।

- गाउँपालिका भित्र सर्वसुलभ आवतजावतको लागि गुणस्तरीय र व्यवस्थित सार्वजनिक यातायात सञ्चालन गरिनेछ।
- 

पालिकामा हुने भौतिक पूर्वाधार निर्माण र लक्षित वर्गका कार्यक्रममा सम्बन्धित क्षेत्रका युवा तथा वेरोजगार व्यक्तिहरुलाई दक्षता र क्षमताको आधारमा संलग्न गराई स्वरोजगार गराउने नीति लिइनेछ ।

- साना खोलामा झोलुङे पुल र गाडी जाने खोलामा मोटरेबल पुल निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- सडक सरसफाई, ढलनिकास र सडक सुरक्षामा विशेष ध्यान दिइनेछ
- उपभोक्ता समितिको कार्य क्षमता, कार्य कुशलता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय संरचनाहरुको स्थानीय तथा परम्परागत कला, संस्कृति झल्को आउने विषयलाई प्राथमिकता दिइनेछ ।

## (ग) जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

- बारपाक सुलिकोट गाउँपालिकाका सबै घर परिवारमा विद्युत पुयाउने कार्य तदारुकताका साथ सम्पन्न गरिनेछ ।
- जलविद्युत बाहेकका सौर्य उर्जा, गोवर ग्यास, बायोग्यास जस्ता वैकल्पिक उर्जा प्रवर्द्धन गरिनेछ।
- जलस्रोत लगायतका प्राकृतिक स्रोतको संरक्षण र संवर्द्धन गरिनेछ।
- सामुदायिक विद्युतीकरणलाई राष्ट्रियकरण गर्ने नीति अबलम्बन गरिनेछ ।

## (घ) सूचना तथा सञ्चार प्रविधि

- गाउँपालिकाका सबै विषयगत कार्यालयहरुमा काम प्रभावकारी तुल्याउन डिजिटल सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- हाल संचालनमा रहेका अस्पताल, आधारभूत तथा माध्यामिक विद्यालय, प्राविधिक शिक्षालय, वडा कार्यालयमा द्रूत गतिको इन्टरनेट सेवा जडान गरी सेवा प्रवाहलाई व्यवस्थित गराइनेछ ।
- प्रत्येक ३ महिनाको अवधिमा कार्यालयको सबै शाखा लगायत वडामा सम्पन्न भएका कार्यहरुको सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियमावली ३ बमोजिम स्वतः प्रकाशन (Proactive Disclosure) गरिनेछ ।

- गाउँपालिकाबाट सम्पादित कामको बारेमा आम नागरिकलाई सूचना प्रवाह गरिनेछ ।

- सूचना तथा सञ्चार प्रविधिको पहुँच अपर्याप्त रहेका ग्रामीण तथा दुर्गम क्षेत्रहरुमा प्रविधिको विस्तारका लागि त्यहाँका वासिन्दाहरुलाई सूचना तथा सञ्चार प्रविधिका उपकरणमा सहज पहुँच पुऱ्याउनका लागि विशेष कार्यक्रम तर्जुमा गरी लागु गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना प्रविधिको प्रयोग गरिने नीति लिइनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धी आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई छिटोछरितो, चुस्त दुरुस्त, पारदर्शी बनाउन बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- इन्टरनेटको व्यापक प्रयोगसँगै सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा साइवर सुरक्षा (Cyber Security) सम्बन्धि जनचेतना अभिवृद्धि कार्यक्रम गरिनेछ ।

## (ङ) भू-उपयोग तथा व्यवस्थापन

- गाउँपालिकाको भू-उपयोग योजना तर्जुमा गरी लागु गरिनेछ र भूमिको वर्गीकरण योजनालाई व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ। नीजि र सरकारी कृषियोग्य भूमि बाँझो राखिने छैन।
- लामो समयदेखि समाधान हुन नसकेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थ लगत लिई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ ।
- अति गरिब, एकल र सीमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।
- जमीन बाँझो राखेमा जरिवाना गर्ने नीति लिइएको छ भने बाँझो जमिन खेती गर्ने नितिलाई प्रोत्साहन दिने नितिलाई यतावत दिईनेछ ।

## (३) आर्थिक विकास क्षेत्र

### (क) कृषि तथा पशुपन्छी विकास

- कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र उत्पादित वस्तुहरुको बजारीकरणलाई ध्यान दिइनेछ ।
- स्थानीय खोला तथा पोखरीहरुमा आधुनिक माछापालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- स्थानीय कृषि तथा उद्योगहरुबाट उत्पादित बस्तुहरुको बिक्रि वितरणको लागि बारपाकमा निर्मित कोशेली घरलाई थप व्यवस्थित गरि पाल्खुमा समेत कोसेली घर स्थापना गरिनेछ ।

- कृषि एम्बुलेन्स सञ्चालनमा ल्याई उत्पादित कृषी उपजलाई सहज ढंगबाट बजार सम्म पु-याउन टेवा पुयाईनेछ।
- कृषि प्रविधि र प्राविधिकको व्यवस्था गरी किसानको घरदैलो मै कृषि सेवा उपलब्ध गराइनेछ ।
- किसानहरुलाई सुधारिएको गोठ, मल खाडल र पिसाब संकलन गर्ने ट्यांकी निर्माण गर्न प्रेरित गरिनेछ ।
- किसानहरुको कृषि र पशुपंक्षी वीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- दरौदी कोरिडोरलाई कृषि उत्पादन पकेट क्षेत्र बनाउने नीति लिइनेछ।
- व्यवसायिक पशुपंक्षीपालन, घाँस खेती, नर्सरी स्थापना गरी व्यवसायिक किसानलाई अनुदानको व्यवस्था गरिनेछ ।
- **सरकारको अनुदान : कृषकको उत्पादन** भन्ने मुल नाराका साथ गत वर्षको अनुभवको आधारमा सहकारी तथा समुहहरुको सहयोगमा वडाहरुमा संकलनकेन्द्र मार्फत उत्पादनमा आधारित अनुदानलाई व्यवस्थित गरि निरन्तरता दिइनेछ ।
- कृषिको व्यवसायिककरण तथा विविधिकरणमा जोड दिइ आयआर्जन तथा रोजगारीका थप अवसहरु सृजना गरिने छ।
- प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धन लाइ प्रोत्साहन गरिने छ ।
- **एक वड़ा : एक विशेष बाली** अवधारणाको अवलम्बन गरी स्थानीय स्तरमा सम्भाव्य देखिएका वालीवस्तुहरुको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिका स्तरिय माटो परीक्षण प्रयोगशाला शिविर सञ्चालन गरिनेछ ।
- कम तौल तथा बढी मुल्य जाने कृषि वस्तुहरु (मसला बाली)को उत्पादनलाई प्राथामिकता दिईनेछ ।
- 
- **"सूचनाको पहुँचमा कृषक"** भन्ने मुल मन्त्रका साथ गाउँपालिका स्तरिय गठित कृषि संजाललाई व्यवस्थित बनाई कृषक संग नियमितरूपमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रमा उत्पादित कृषि उपज (आलु, किवि, एभोकाडो) लाई विविधिकरण गर्न मुल्य श्रृङ्खलाको अवधारणा ल्याईनेछ ।
- अगुवा कृषकलाई अध्ययन अवलोकन भ्रमण, तालिम तथा उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- कोल्ड स्टोरको निर्माण तथा सञ्चालनलाई प्रभावकारी बनाइनेछ ।
- पशुपालनलाई आधुनिकिकरण, व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आयआर्जन तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ।

- पशुपालन व्यावसायलाई आधुनिक, प्रतिस्पर्धी, मर्यादित र वातावरण मैत्री बनाई पशुजन्य पर्दाथको आन्तरिक मागको आपुर्ति र आयात प्रतिस्थापन गर्दै क्रमश निर्यात प्रवर्द्धन गरिनेछ ।
- पशु नश्ल सुधार गरि कृषकहरुलाई व्यावसायिक बनाउन कृत्रिम गर्भाधारण (AI) कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।
- पशु विकासका लागि प्रभाकारी र कृषकहरुको आवश्यकता अनुकुल योजना बनाउन पशुवस्तुको विवरण तथा तथ्याङ्क संकलन गरिनेछ ।
- छाडा कुकुरको व्यवस्थापनका लागि बन्ध्याकरण गरि रेबिज रोगको महामारीको नियान्त्रणको व्यावस्था मिलाइनेछ ।
- **"स्वस्थ मासु, स्वस्थ जीवन"** भन्ने नाराका साथ पशुमा लाग्ने रोगको उपचार तथा महामारी नियन्त्रणको लागि औषधी, पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम गरिनेछ ।
- स्थानीय उत्पादनको बजारीकरणको लागि घुम्ति हाट बजार, संकलन केन्द्र, कोसेलि घर तथा प्रदर्शनी स्थलको व्यवस्था गरिनेछ।
- उत्पादनमा आधारित अनुदानलाइ थप प्रभावकारी र परिस्कृत बनाइ अनुदान वितरणको व्यवस्था मिलाइनेछ।
- कृषकलाई तेलहन बाली खेती तर्फ आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- मलको कुशल एवं सन्तुलित प्रयोग गर्न एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीको प्रवर्द्धन गरिनेछ ।
- यस गाउँपालिकालाई बिभिन्न वालिवस्तुमा आत्मनिर्भर बनाउन एक वडा एक नर्सरी केन्द्र (तरकारी, फुलफुल, पुष्प, कृषि वन, डालेघासँ) स्थापना कार्यक्रमलाई जोड दिइनेछ।
- कृषि प्रवर्द्धनका लागि कृषिमेला, माटो परीक्षण, वाली संरक्षण शिविर लगाएतका कार्यक्रमहरु संचालन गरिने छ |
- "जय पशुधन जय कृषक" भन्ने मुल नाराका साथ पशुपालनलाई आधुनिकिकरण, व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- बाँदर तथा जङ्गली जनवारको प्रकोपले बाझिएको बाँझो जग्गामा सिचाई सुविधा पुर्याई घाँस खेती तथा जंगली जनावरले क्षति नगर्ने खेतीवालीमा किसानहरुलाई आकर्षित गरिनेछ ।
- पशु बाट मानिसमा सर्ने (जुनोटिक रोग) बारे विद्यालय शिक्षा प्रदान गारिने छ ।
- भौगलिक वातावरण तथा स्रोत सुहाउँदो पशुपंन्छिहरुको नश्ल पहिचान, विकास, विस्तार तथा कृषकककोज्ञान, सिप,क्षमता अभिवृद्धिमुलक घुम्ति तथा स्थलगत तालिम हरेक वडामा सञ्चालन गरिनेछ |
- कम आर्थिक लगानीमा गर्न सकिने पन्क्षी व्यवसायलाई प्रथामिकता दिई त्यस व्यावसायसम्बन्धि उपकरण तथा कच्चा पर्दाथको उत्पादन साथै विकास स्थानीय तहमै गरि उधोगहरुमा लगानी प्रवाह गर्न अनुकुल वातारण बनाईनेछ ।

## (ख) <u>सिंचाई</u>

- पालिका भित्र रहेको पानीको स्रोतको पहिचान गरी कुलो सिंचाइ, लिफ्ट सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी निर्माणमा जोड दिने र त्यस्ता प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लिइनेछ ।
- निर्माणाधीन आयोजना तत्काल सम्पन्न गर्ने र पुराना आयोजनाको मर्मत संभार गर्ने कार्यलाई जोड दिइनेछ ।
- सिंचाइको सुविधालाई किसानको आधारभूत आवश्यकता ठानी प्राथमिकताका साथ सिंचाइको व्यवस्था गर्ने नीति लिइएको छ।

## (ग) <u>पर्यटन</u>

- पर्यटन क्षेत्रको पूर्वाधार निर्माण गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ।
- पर्यटन प्रवर्धनको लागि सांस्कृतिक मौलिकता झल्किने कार्यक्रमहरुको प्रस्तुति गरिने छ । पर्यटकीय पूर्वाधार निर्माणमा स्थानीय मौलिक वास्तुकला झल्किने गरि पूर्वाधार निर्माण गरिनेछ ।
- कृषि पर्यटन एवं पर्यापर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाका सम्भावित स्थानमा होमस्टे सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।
- बारपाक, भ्यूटावर, सुलिकोट, ताकुकोट, लाप्राक जाने ट्रयाक, दिलबहादुर स्मृति पार्क, भुकम्प स्मृति पार्क, नारदपोखरी, सिता गुफा, देउरालीको मुलाबारी, देवी देउराली पार्क, संग्राहलय लगायत गाउँपालिका भित्र रहेका गुफा, मन्दिर, पुजा स्थलको पहिचान गरी पर्यटकमैत्री संरचनाको निर्माण गरिनेछ।
- बजेनीताल- सुलिकोट- रुपाकोट क्षेत्रमा शाहसिक पर्यटकीय पूर्वाधारको सम्भाव्यता अध्ययन गरिनेछ।
- रुपाकोट उलाजुङ-धार्चे बर्दिडाँडा मम्चे थामडाँडा हातिसुडे लगायतका क्षेत्रमा मनोरम स्थलहरुको पूर्वाधार निर्माण तथा संरक्षण गरी पर्यापर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ ।
- संभावित स्थानहरुमा शहीद स्मृतिपार्क तथा पिकनिक स्पोटहरुको निर्माण गरिनेछ ।
- पर्यटकीय पदमार्गहरु, प्राकृतिक स्थलहरु तथा साँस्कृतिक सम्पदाहरुको अनुसन्धान, पहिचान, विकास तथा प्रचारप्रासार गर्न र बाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।
- देउराली, सुलिकोट, थला, रन्चोक, बारपाक पर्यटन पदमार्ग निर्माण गरिनेछ।
- होम स्टे तथा स्थानीय होटलहरुमा स्थानीय उत्पादनबाट बनेका खाद्य पदार्थको प्रयोग गर्ने निति ल्याइनेछ।

- पर्यटन गुरु योजना निर्माण गर्ने र बारपाकमा आउने पर्यटकलाइ पालिकाका अन्य पर्यटकीय स्थल ( हेर्न लाएक ठाउहरु जस्तै सिता गुफा, सुलिकोट डाँडा, रम्तेल पार्क लगायतका स्थान हरुलाइ जोडेर पर्यटन सर्किट वनाउने निति अबलम्बन गरिनेछ।
- भुकम्प स्मृति संग्रालयमा श्रव्य-दृष्य, वृत्तचित्र सहित प्रदर्शन कक्ष निर्माण गरी पर्यटन प्रवर्द्धन गरिनेछ।

## (घ) सहकारी तथा गरिवी निवारण एबम् वित्तिय क्षेत्र

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समय अनुकुल परिमार्जन गरिनेछ ।
- सहकारीको समायोजन गरी गुणस्तरीय बनाउने नीति अवलम्बन गरिनेछ।
- **एक सहकारी, एक उत्पादन** नीतिलाई अवलम्बन गरिनेछ।
- सहकारीहरुलाई तालिम, अनुगमन, समन्वय र आवश्यक क्षमता विकासको नीति लिइनेछ।
- **'गाउँगाउँमा सहकारी घरघरमा रोजगारी'** भन्ने नारालाई सार्थक तुल्याउन सहकारी मार्फत कृषि जन्य र वनपैदावरमा आधारित उद्योग स्थापना गरी रोजगारी श्रृजना गर्ने, साथै प्रत्येक वडामा शहीद परिवार, द्वन्द्वपीडित, अतिविपन्न, एकल महिलाहरुको सहकारी संस्थामा शेयर सुनिश्चित हुने व्यवस्था मिलाइनेछ ।
- कृषि सहकारीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- वित्तीय सहकारी मार्फत किसानहरुलाई सहुलियत व्याजमा ऋण उपलब्ध गराइनेछ।
- ताकुकोट पाल्खुमा रहेको ग्लोबल आइएमई बैंक र बारपाकमा रहेको प्रभु बैंकको शाखालाई स्तरीय, सरल र छिटोछरितो सेवा प्रदान गर्नका लागि आवश्यक समन्वय तथा व्यवस्था गरिनेछ ।
- गाउँपालिका अध्यक्ष गरिवी निवारण कार्यक्रम मार्फत युवाहरुलाई तालिम तथा सहुलियत प्रदान गर्ने र स्वरोजगार बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरूको निर्यातको लागि सहकारीहरुसँग समन्वय गरी कृषकहरुलाई उत्पादनमा आधारित अनुदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- सौरपानी, देउराली क्षेत्रमा थप बैंक शाखाहरु स्थापना जोड गरिनेछ ।

## (ङ) उद्योग, व्यापार तथा व्यवसाय

- विभिन्न व्यवसायलाई दर्ताको अनिवार्य दायरामा ल्याईनेछ।
- खनिज, कृषि र वन पैदावरमा आधारित घरेलु तथा साना उद्योगहरुको स्थापना गरी रोजगारी र आयआर्जनमा बृद्धि गरिनेछ ।

- वडा नं १ बारपाक, वडा नं ३ स्वाँरा र वडा नं ४ सौरपानीमा अल्लो, लोक्ता र भेडाको उन प्रशोधन केन्द्र सञ्चालनमा ल्याईनेछ । त्यसको प्रशोधन तालिम र बजारीकरणको लागि व्यवस्थापन गरिनेछ।
- कृषि, वन तथा घरेलु उद्योगहरु संचालन गर्ने युवाहरुलाई प्रोत्साहन स्वरुप अनुदान र पुरस्कारको व्यवस्था गरिनेछ।
- बजार अनुगमन र नियमन प्रभावकारी गराइनेछ ।
- हस्तकला र परम्परागत सिप तथा प्रविधिमा आधारित उद्यमशीलता प्रवर्द्धनको नीति लिइनेछ।
- लघु उद्यम कार्यक्रम मार्फत तालिम, प्रविधि हस्तान्त्रण, विउपूजी प्रवाह र बजारीकरण सहयोग मार्फत स्थानीय उद्यमी विकासमा जोड दिइनेछ ।
- युवा स्वरोजगारको लागि सीपमूलक तालिमको व्यवस्था गरिनेछ।

## (छ) खानी तथा खनिज

- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानून बमोजिम बाताबरण प्रभाव मुल्याङ्कन गरी गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।

## (ज) श्रम/रोजगार

- शैक्षिक तथा गैह्र शैक्षिक वेरोजगारहरुको लगत तयार गरिनेछ ।
- श्रम सहकारी मार्फत कामका लागि खाद्यान्न वा स्थानीय विकासमा निर्माणका काममा श्रम प्रयोग गरिनेछ ।
- श्रमिकहरुको न्यायोचित हकहित तथा सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक संगठनको सुझावका आधारमा कार्यक्रम तय गरिनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्तादित तथा व्यवस्थित गराउन थप पहल गरिनेछ। गाउँपालिकावासीलाई विदेशमा काम लाग्ने सीप सिकाएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण मिलाइनेछ। त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी गाउँपालिकाको आर्थिक वृद्धिमा टेवा पुऱ्याइनेछ।
- सीप र प्रविधिको तालिम संचालन गरि वेरोजगार युवाहरुलाई स्वरोजगार बनाइने छ ।
- श्रमिकहरुको न्यायोचित हकहित तथा सामाजिक सुरक्षाको संरक्षण गर्न रोजगार संबाद मञ्च गठन गरि रोजगार रणनिति निर्माण गरिनेछ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा सुचिकृत बेरोजगारहरुलाई पालिका भित्रको बिभिन्न वडामा आबश्यकताको आधारमा सार्बजनिक निर्माण तथा मर्मत सम्भार आयोजनाका काममा सहभाही गराई रोजगारी प्रदान गरिनेछ ।
- पालिका भित्र बसोबास गर्ने ब्यक्तिहरुको सीपको पहिचान गरि रोजगारदाता र ब्यरोजगार ब्यक्तिहरु बिच समन्वयात्मक भुमिका निर्बाह गर्न रोजगार सेवा केन्द्र रोजगारीको साथी कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
- रोजगार कार्यक्रम अन्तर्गत योजना सम्झौताका लागि पालिका आउन पर्ने झन्झटलाई निराकरण गरी सम्बन्धित वडामा नै सम्झौता गर्ने ब्यबस्था मिलाईनेछ ।
- सबै किसिमको श्रमको सम्मान र प्रोत्साहनका लागि श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमलाइ कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने र फर्केर आएर पुनः जाने व्यक्तिहरुको लागि रोजगार सेवा केन्द्र मार्फत बैदेशिक रोजगारीमा जानु पूर्व परामर्श तथा श्रम स्वीकति गरिदिने ब्यबस्था मिलाईनेछ ।
-

## (४) बन, वातावरण तथा विपद व्यवस्थापन

## (क) बन, हरियाली र जैविक विविधता

- वनजंगलको नक्साङ्कन र संरक्षण गरिनेछ । त्यहाँ भित्र रहेका काठपात, रुखविरुवा, जडिवुटी र पशुपंक्षीको संरक्षणमा विशेष जोड दिइनेछ ।

- डढेलो लगाउने संस्कृतिलाई निरुत्साहित गर्न आवश्यक दण्ड जरिवानाको निति लिइनेछ।
- वन जंगलको संरक्षण र सदुपयोग गर्नको लागि जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ। वनजंगल भित्रका रुख विरुवा, काठपात, जडीबुटी, पशुपंक्षीको संरक्षण र सदुपयोग गर्नमा जोड दिइनेछ।
- वनडढेलो लाग्नबाट जोगाउनको लागि र डढेलो लगाउने ब्यक्ति पत्ता लगाइ कानूनको दायरामा ल्याउन सामुदायिक वन उपभोक्ता समितिहरुको क्षमता विकास गरी जिम्मेवार बनाइनेछ ।

- वन सम्पदा, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण मार्फत विपद जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आय आर्जन बृद्धि गरिनेछ ।
- एक सामुदायिक वन एक उद्यमको नीतिलाई विकास गरिनेछ।
- विकाससंगै जोडिएर आउने विनाश कम गर्न विकास निर्माणमा वायोइन्जिनियरिङ्गलाई अबलम्बन गरिनेछ ।

- परम्परागत चैतारा, कुवा, धारा, संरक्षण गरिनेछ ।
- पर्यापर्यटनलाई प्रवर्द्धन गर्न १ वडा १ पार्क निर्माणको नीति लिईनेछ ।
- वन डढेलो नियन्त्रण गर्नको लागि समुदाय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- विपदमा फसेकाहरुको खोज तथा उद्दारको लागि वडा स्तरमा खोज तथा उद्दार टोली तयार गरि तालिमको व्यवस्था गरिनेछ ।
-

## (ख) भू-संरक्षण र जलाधार व्यवस्थापन

- बनसम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद न्यूनीकरणका उपाय अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आयआर्जन वृद्धि गरिनेछ ।
- भू-क्षय हुन सक्ने उच्च जोखिम भएका क्षेत्रमा भू-संरक्षण योजना निर्माण गरी लागु गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकाको खोलाले कटान हुने र बाढीको उच्च जोखिम भएका स्थानमा तटबन्धको व्यवस्था गरिनेछ ।
- पुरानो आहाल र पोखरीको संरक्षण साथै नया पोखरी निर्माण गरी पुनर्भरणको व्यवस्था मिलाइनेछ ।

## (ग) वातावरण तथा फोहोरमैला व्यवस्थापन

- सफा र सुन्दर गाउँ, बारपाक सुलिकोटलाई हराभरा बनाउँ भन्ने नाराका साथ कार्य योजना बनाई कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ ।
- गाउँ टोलको सरसफाई र फोहोरमैला ब्यवस्थापनको लागि टोल सुधार समितिको ब्यवस्था गरी जिम्मेवार बनाइनेछ।
- फोहोरमैला ब्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी तोकिएको स्थानमा फोहोरमैला ब्यवस्थापन गरिनेछ।
- प्रत्येक बजार तथा बस्तीहरुमा आवश्यकता अनुसार फोहोर संकलनको ब्यवस्था मिलाइनेछ र सार्वजनिक शौचालयको निर्माण गरिनेछ ।
- नकुहिने खालका प्लाष्टिक तथा धातुजन्य फोहोरमैलाको पुनर्चक्रणको लागि संकलन गर्ने आवश्यक ब्यवस्था मिलाइनेछ ।
- • **"गाउँ सफा राखौ, स्वस्थ बनौ"** भन्ने नाराका साथ घरगाँउ सरसफाई अभियान सञ्चालन गरिनेछ।

## (घ) विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

- विश्वव्यापी रुपमा प्रभाव परिरहेको जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्ने र प्रकृति संग अनुकूलित हुने उपायको खोजी गरी जीवन पद्धतिलाई सरल र सहज तुल्याइनेछ ।
- विपदको पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद् व्यवस्थापन कोष निर्माण गरी खोज तथा उद्धार, राहत वितरण, पुन:निर्माण आदि कार्यलाई व्यवस्थित तुल्याइनेछ ।
- विपद सम्बन्धि सबै चक्रको आंकलन तथा लेखाजोखा गरी स्थानीय सरकार, प्रहरी, सेना, नागरिक समाज, रेडक्रस लगायत विभिन्न संघसंस्थासंग समन्वयात्मक सहकार्यमा विपद प्रतिकार्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

## (५) सुशासन तथा संस्थागत विकास

### (क) स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन

- ५ लाख भन्दा माथिको आयोजनाको अन्तिम भुक्तानी पूर्व अनिवार्य रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका सवै वडा कार्यालयहरुमा छिटोछरितो प्रभावकारी सेवा प्रवाह गरिनेछ। अनियमितता, ढिलासुस्ती, भ्रष्टाचार र विकृतिका विरुद्ध निरुत्साहित गर्न नियमित, अनुगमन, निर्देशन र आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।
- शान्ति सुरक्षा अमन चयन कायम गर्न विशेष कार्ययोजना निर्माण गरी लागु गरिनेछ । अन्य विषय विगतका नीति तथा कार्यक्रममा पारित भए अनुसार गरिनेछ ।
- निजामती सेवा ऐन र नियमावली बमोजिम कर्मचारीले आचारसंहिता र आचरण पालना नगरेमा सो बमोजिम सजाय गरिनेछ।
- सार्वजनिक निकायका काम कारबाहिलाई पारदर्शी, जवाफदेहि, सदाचार युक्त र प्रविधि मैत्रि बनाईनेछ ।
- हाम्रा रणनीतिक विकास आयोजनाको कार्यान्वयनमा आईपर्ने समस्याहरुलाई हल गर्न योजना कार्यन्वयनको वस्तुनिष्ठ समयतालिका निर्माण गरि लागु गरिनेछ ।
- जनतासँग अन्तरक्रिया कार्यक्रमलाइ निरन्तर रूपमा कार्यतालिका बनाइ सञ्चालनमा ल्याइनेछ साथै प्रत्येक चौमासिक रूपमा सार्वजनिक निकायले गरेका कार्यहरू सार्वजनिक गर्नुपर्ने प्रावधानलाइ कडाइका साथ लागु गरिनेछ ।
- विकास निर्माण क्षेत्रका जटिलताको हल गरी समयसीमा भित्र कार्यसम्पादन सहजीकरण गर्न समस्या सामाधान समिति निर्माण गरी कार्यान्वयनमा सहजीकरण गरिनेछ ।
- गाउँपालिका भित्रका बेरोजगार जनशक्ति शैक्षिकस्तर आदिको तथ्याङ्क संकलन गरी व्यवस्थित निति लिईनेछ ।

- गाउँपालिका अन्तरगत वडा नं. १ देखि ८ सबै वडाका वडा कार्यालयहरुमा E-हाजिरी, CCTV जडान तथा सबै वडाहरुलाई सूचना प्रविधिमैत्री बनाईदै लगिनेछ ।

- राजश्व संकलन लगायत अन्य सेवाहरुको प्रवाहमा इ-बैंकिंग (**E-Banking**) को प्रयोग गरिनेछ साथै इ-बैंकिंग (**E-Banking**) को प्रयोग  सम्बन्धी जनसमुदायमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका आयोजनाहरु प्रारम्भ, निर्माण कार्य सञ्चालन र सम्पन्न भएसंगै अनिबार्य अनुगमन गरिनेछ र अनुगमनको आधारमा मात्रै भुक्तानी गरिनेछ ।
- सेवाग्राहीले कार्यालयसँग र कार्यालयले सेवाग्राहीसँग कागज विहिन प्रक्रिया (Paper Less) बाट सेवा प्रवाह गर्ने सम्बन्धमा प्रक्रिया अघि बढाईने छ ।
- प्रत्येक वर्ष कम्तीमा तीन पटक गाउँपालिकाको फरक-फरक वडाहरुमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गरिनेछ ।
- सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा, राय सुझावहरुलाई मनन गरि सोहि बमोजिम उपयुक्त राय सुझावलाई मार्ग निर्देशकको रुपमा लिई कार्यसम्पादन गर्दै लगिनेछ ।
- गाउँपालिकाबाट गरिने प्रत्येक गतिविधिमा निष्पक्ष, स्वतन्त्र, सूर्वमान्य सिद्धान्तलाई कानुन बमोजिम अवलम्बन गरिनेछ ।
- करको दर र दायराको सम्बन्धमा समायानुकुल परिमार्जन गरि नागरिकहरुलाई सचेतना गराइनेछ।
- समय सापेक्ष नागरिक वडापत्रको अध्यावधिक गरि स्वास्थ्य संस्था, वडा र गाउँपालिका कार्यालयमा राखिनेछ ।
- गाउँपालिका भित्रका सबै कार्यालयहरुमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्दै लगिनेछ ।
- सार्वजनिक निजि साझेदारी सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

## (ख) सङ्गठन तथा क्षमता विकास

- अन्तर स्थानीय तह बिचको बैठक तथा सर्वदलिय / सर्वपक्षीय बैठक आवश्यकता अनुसार गरिनेछ ।
- आवश्यकता अनुसार राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु र गाउँपालिका कार्यालय बिच संयुक्त बैठक गरि राय सुझाव संकलन गरिनेछ ।
- गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरु एवं स्वास्थ्य संस्थाहरुमा सक्षम जनशक्तिको व्यवस्थापनका लागि बजेट तथा कार्यक्रम तय गरि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तालिम / अभिमुखीकरणद्वारा सक्षम बनाउँदै लगिनेछ ।

## (ग) राजस्व तथा स्रोत परिचालन

- बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्रका राजस्वका क्षेत्र पहिचानलाई व्यापक र वैज्ञानिक तुल्याउदै, राजस्वका दर र दायराका आधारहरुलाई बस्तुनिष्ठ तथा प्रगतिशील बनाउदै लगिनेछ ।

- राजस्व प्रशासनलाइ क्षमतावान, पारदर्शी र प्रविधिमा आधारित भई सुत्रमा अभिलेखबद्ध तुल्याउन तालिम तथा प्रविधिमा लगानी गरिनेछ भने नागरिकस्तरमा राजस्व संकलन प्रतिको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक परामर्श तथा छलफललाइ भौगोलिक क्षेत्रगत रुपमा तथा योगदान क्षेत्रका रुपमा सञ्चालन गरिनेछ ।
- आन्तरिक राजश्व अधिकतम संकलन प्रयोजनको लागि गाँउपालिका बाट प्रदान गरिने सेवा प्राप्त गर्न र उपभोक्ता समितिमा रहनको लागि अनिवार्य रुपमा कर तिरेको हुनुपर्नेछ तर विपद तथा प्रकोप, भवितव्य, विपन्न समुदायलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा लागु हुने छैन ।

## (घ) बजेट कार्यान्वयन, योजना तर्जुमा, कार्यान्वयन तथा लेखाप्रणाली

- बजेट कार्यन्वयनमा प्रचलित कानुनको पालना, पारदर्शिता र चुस्त प्रतिवेदन प्रणालीको विकास गरीनेछ । जसका लागि मासिक, चौमासिक तथा बार्षिक कार्यक्रम कार्यन्वयन योजनाको निर्माण गरी, सो अनुसार कार्यन्वयनलाई व्यवस्थित र समयबद्ध तुल्याइनेछ ।
- भुगोल तथा विषय क्षेत्रगत रुपमा नागरीकलाई प्रत्यक्ष सहभागी बनाइ संकलन गरीएका योजनाहरुको गहन विश्लेषण मार्फत छनौट गरी बारपाक सुलिकोट गाउँपालिका योजना बैङ्कको निर्माण गरीनेछ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत सोही योजना बैङ्क बाट मात्र योजना कार्यन्वयन गरीने परिपाटी को व्यवस्था गरिनेछ ।
- बजेट निर्माणलाई व्यवस्थित र अभिलेखबद्ध तुल्याउन तथा चुस्त प्रतिबेदनका लागि सुत्र प्रणाली निरन्तरता दिइनेछ जसले गर्दा बजेट भित्रका विविध अनियमितताको अन्त्यमा थप जोड हुनेछ ।
- निर्मित योजनाहरु कार्यान्वयनको श्रेस्ता फाँटबारी व्यवस्थित गरी राखिनेछ र चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण प्रणाली लाई कार्यान्वयन गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणाली लाई प्रभावकारी र व्यवस्थीत गरिनेछ।
- महालेखा परिक्षाकको कार्यालयबाट विकास गरिएका प्रणालीहरु (SuTRA,CGAS, NAMS, PAMS, LMBIS, PLMBIS)को पूर्ण रुपमा प्रयोग गरिनेछ।

## (ङ) नीति, कानून, न्याय तथा सुशासन

- सामाजिक समावेशीकरण सँग जोडिएको न्यायिक समितिलाई स्थानीय सरकारको अभिन्न अंगको रुपमा काम गर्ने गरी सुदृढ र विश्वसनीय तुल्याउने प्रगतिशील न्यायको अनुभूति गराइनेछ ।
- न्याय सेवालाई सबैका लागि न्याय र न्यायमा समान पहुँच अभिवृद्धि गरी छिटो छरितो, निष्पक्ष प्रभावकारी, जनउत्तरदायी, सरल, पहुँच योग्य, जवाफदेही पारदर्शी, सूचना प्रविधिमैत्री

बनाई न्यायिक समिति प्रति जनआस्था र विश्वासमा अभिवृद्धि गराउने तथा समतामूलक न्यायको श्रृजना गरिनेछ ।

- कानूनबमोजिम सार्वजनिक आय र सार्वजनिक खर्च प्रणालीबाट सार्वजनिक पदाधिकारीको निजि जीवनलाइ निरपेक्ष तुल्याइनेछ भने कानुन र नागरीकका नजरमा सार्वजनिक पद र जिम्मेवारीलाई खुला कितावको रुपमा स्विकार गरिनेछ ।
- जनप्रतिनीधि तथा राष्ट्रसेवक कर्मचारीले पदीय दायित्वलाई आत्मसाथ गर्दै पूर्णरुपमा आचारसंहितालाई पालना गर्ने व्यवस्था मिलाइनेछ ।
- विषयगत समिति, विषयगत कार्यालय र प्रशासन जनप्रतिनिधीको कार्यसम्पादनलाई जिवित तथा सरलिकृत बनाईनेछ ।
- राजश्व सुधार कार्ययोजना २०७९/८०-८१/८२, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण(लैससास) रणनीति २०७९/८०-८१/८२, क्षमता विकास योजना, २०७९/८०-८१/८२ लगायतका नीतिगत योजनाहरुलाई बजेट तथा कार्यक्रममा आन्तरिकिकरण गर्दै व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ।
- जनप्रतिनिधी तथा कर्मचारी, शिक्षकका छोराछोरीहरुलाई सार्वजनिक विद्यालयमा पढाउन जोड गर्ने नीति लिइएकोछ।

## (च) सामाजिक सुरक्षा तथा पञ्जिकरण

- सामाजिक सुरक्षा भत्ता वितरण सु-व्यवस्थित तवरले गरिनेछ।
- व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा भत्ता सम्बन्धी देखिएका समस्याहरुलाई नियमित रुपमा बैठक बसी समस्याको समाधान गरिनेछ।
- बार्षिक रुपमा व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको अनिवार्य राष्ट्रिय परिचयपत्र नं आवश्यक भएकोले राष्ट्रिय परिचयपत्र दर्ता शिविर सञ्चालन गरिनेछ।
- वडा सचिवहरुलाई बायोमेट्रिक भेरिफिकेसन सम्बन्धी तालिम दिइनेछ।
- सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको फागुन देखि नयाँ दर्ता तथा नविकरण बायोमेट्रीक डिभाइसबाट गरिनेछ।

## गाउँपालिकाका गौरवका योजना

- बारपाक ढल निकास आयोजना,
- घ्याम्पेशाल, देउराली, ताकुकोट सडक,
- ताकुकोट, स्वाँरा, सौरपानी, बारपाक सडक

- १५ शैय्याको शहीद प्रेम ढकाल स्मृति अस्पताल,
- शहीद आशाकाजी स्मृती रंगशाला,
- शहीद दिल बहादुर रम्तेल स्मृति पार्क,

**गाउँसभाका सदस्यज्यूहरु,**

लोकतान्त्रिक विधि र पद्धतिबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यन्वयन गर्न सवै विकास साझेदार संग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्य आवश्यकता छ । यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध बारपाक सुलिकोट गाउँपालिका निर्माणको महाअभियानमा सहकार्यका लागि सम्पूर्ण सरकारी निकायहरु, निजि क्षेत्र, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, टोल विकास संस्थाहरु एंव अन्य सरोकारवाला संग म हार्दिक अनुरोध गर्न चाहान्छु ।

अन्तमा, प्रस्तुत योजना तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकरात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिदै आगामी आर्थिक वर्ष २०८०/८१ को प्रस्तावित योजना तथा कार्यक्रम मस्यौदा तयार पार्न प्रत्यक्षा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संघीय संसद तथा प्रदेश सभाका माननिय सदस्य ज्यूहरु, विषय विज्ञ महानुभावहरु, राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवि मित्रहरु, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, टोल विकास संस्थाका मित्रहरु, विकास साझेदार मित्रहरु, ट्रेड यूनियनका मित्रहरु, शिक्षक, प्राध्यापक, पत्रकार तथा यस गाउँपालिका वासी सम्पूर्ण दाजुभाई दिदि बहिनीहरु, गाउँपालिकाका हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुर्‍याउनु हुने संचारकर्मी मित्रहरु एंव राष्ट्र सेवक कर्मचारीहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**२०८१ असार १० गते सोमबार।**

**विष्णु प्रसाद भट्ट**

**अध्यक्ष, बारपाक सुलिकोट गाउँपालिका, गोरखा।**